# श्रमिक खबर

मजदुरद्वारा मजदुरका लागि नेपालको पहिलो पत्रिका

संख्या ६५, साउन २०५८, मूल्य रू.१५/-




# हत्याकाण्ड पछि

# हरियो रंगमा

- उमेश उपाध्याय

हिउँदमा झुलाउन बालाहरू
चुली बनाएर खमारमा रमाउन
आज हिलोमा रोप्दैछन् उज्याला रोपाहारहरू
रोपाइँ गीतको लयमा तप्काउँदै
तप्काउँदै पसिनाका थोपाहरू धरतीमा
परिश्रम रोपिंदैछ हरियो रंगमा



तस्वीर: कविन्द्र श्रेष्ठ




संख्या ६५, साउन, २०५८

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**ले-आउट**
नेस्वप्रेमयूका लागि
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं. १०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२, २४५५३२
(हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु.१५।-

**आवरण**
एम्ज माउस
२६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट
बागबजार, काठमाडौं।

**यो अंकबाट तपाईको श्रमिक खबरको १ वर्षे ग्राहक सकियो । आजै नवीकरण गर्नुहोस् ।**

## हाम्रो भनाई

राजदरवारमा भएको भयानक हत्याकाण्डले सृजना गरेको वातावरणबाट सिंगो देश नै प्रभावित भयो। यो हत्याकाण्ड सम्बन्धी थुप्रै पत्रपत्रिकाले लेखिसकेको भए तापनि श्रमिक खवर यसबाट अछुतो रहन सकेन। राजाद्वारा घोषणा गरेको उच्चस्तरीय छानवीन समितिले समेत हत्याको कुनै निष्कर्ष दिएन। आजसम्म राजदरवार हत्याकाण्डको कारण के हो भन्नेमा विविध तर्क, अडकल र आशंका मात्र समाजमा व्याप्त छ। सिंगो राष्ट्र नै निष्कर्षमा पुग्न सकेन।
त्यसैले यो अंकमा अलिकति राजनीति बोलेका छौं र स्वदेश विदेशका हत्या-षडयन्त्रका विगतलाई अलि अलि कोट्याउने प्रयत्न गरेका छौं। यस पटकको शब्द परिचयमा पनि पौराणिक र आधुनिक खलपात्रहरूको जानकारी दिन तम्सेका छौं।




एडीसी र सुरक्षा अधिकारीहरू किन कुलतमा लागेका र बदनाम समेत रहेका राजपरिवारका युवासदस्यहरूको उपस्थिति हुने ठाउँको सुरक्षाका बारेमा आवश्यक सतर्क रहेनन् ? किन उनीहरू पहिलो प्रहारमै भित्र पस्न आवश्यक ठानेनन् । उनीहरूको घटना घटेपछि नजिकमा रहेको वीर अस्पताल र टिचिङ अस्पताललाई छोडेर किन गंभिर घाइतेहरूलाई छाउनीमा पऱ्याए । किन उनीहरूले त्यस्तो अवस्थामा पनि उपचारमा भन्दा गोपनियतामा ध्यान दिए ?

....राष्ट्रपतिले टाउको गार्डतिर ढल्काउँछन् । तर गार्डले फुत्त आफ्नो कमरको पेस्तोल निकाल्छ, कसैलाई सोच्ने समेत समय नदिई गोली चलाउँछ । गोली राष्ट्रपतिको बायाँ कानको छेउबाट पस्छ र दायाँ छातीबाट निस्कन्छ । राष्ट्रपनि रुख ढले जस्तरी सोफाबाट ढल्छन्, गार्डले फेरि २ चोटी राष्ट्रपतिको पेटमा फायर गर्छ र बाहिर दौडिन्छ ।







चन्द्राको जिन्दगी अँध्यारो कोठामा पागलहरूसँग बित्ने क्रम शुरू भएछ । उनलाई दिनहुँ पागलहरूले प्रयोग गर्ने औषधि खान दिएछन् । यसरी पागल नै नभई पागलहरूको संगत गर्नु अर्कोतिर पागलहरूको लागि प्रयोग गरिने विभिन्न किसिमका औषधिहरू दिइनुले उनको स्वास्थ्यमा दिनपरदिन असर पर्दै गयो । उनी पागलहरूसँग पागलहरू जस्तै हिंडेको हिंड्यै गर्न लागिन् ।

आफ्नो हत्याको १ हप्ताअघि चे ग्वे भारा हत्याको पच्चिसौं जयन्तीको अवसरमा उनले भनेका थिए - "यदि तिमीले संकरालाई मार्‍यौ भने भोलि २० जना संकरा जन्मिनेछन् ।" संकराले निश्चय नै आफ्नो जीवनमाथि र अक्टोवर १९८३ को क्रान्ति माथि मडारिरहेको खतराको भविष्यवाणी गरेका थिए ।





## १० वर्ष अघिको श्रमिक खवरबाट

"नयाँ सरकार निर्वाचित भएपछि गत एक वर्षमा सम्पूर्ण कार्यलाई रद्दीको टोकरीमा फ्याँकिएको छ र पुरानै "मुर्दा" कालो ऐनलाई नेपाली मजदुर माथि लाद्ने षडयन्त्र शुरु गरिएको छ। श्रम मन्त्रालयमा प्रस्तावित मस्यौदा ऐन माग्दा "पछि सबै ट्रेड यूनियनमा पठाउने" ढाँट कुरा गरियो। आखिर त्यो मस्यौदामा के छ, जसलाई सम्बन्धित निकाय यूनियनमा पठाउन हिचकिचाइरहेछौ।"


संख्या १३ पेज-४, २०४८ भदौ






श्रमिक खबरको ६०-६४ अंक पढ्न पाएँ। मजदुर पक्षीय र पठन योग्य छ। श्रमिक खबरमा देशभरका विभिन्न क्षेत्रहरूको श्रम विवाद र अदालतको फैसलाको नजिरहरू समावेश गर्न पाए अझ राम्रो हुन्थ्यो कि? श्रमिक खबरमा मजदुरहरूका दुख सुखका कविता गीतहरूको स्तम्भ रूपमा राख्न पाए सुनमा सुगन्ध हुने थियो।

**- कृष्ण कुमार श्रेष्ठ,**
सचिव, २ नं. क्षेत्रीय कमिटी, नेस्वकामयू



म यस श्रमिक खवरको नियमित पाठक हुँ। मजदुरद्वारा मजदुरका लागि प्रकाशित श्रमिक खवर स्तरीय छ। अंक ६३ र ६४ का लेखहरू अति नै उत्कृष्ट छन्। मुकुन्द न्यौपाने तथा प्रदिप ज्ञवालीको लेख मनन योग्य छ। आगामी अंकहरूमा अझ स्तरीय लेख रचनाका साथै मजदुर क्रियाकलाप स्तम्भ समावेश गरी मासिक प्रकाशन भए सुनमा सुगन्ध हुने थियो।

**- विष्णु प्रसाद वेल्वासे**
यातायात मजदुर भलाइ कोष, बुटवल



श्रमिक खवर स्थापन कालदेखि नै अध्ययन गर्दै आएको छु। यसमा प्रकाशित लेख रचनाबाट कारखानामा काम गर्ने मजदुरदेखि अन्य सबैलाई ज्ञान प्राप्त हुनेछ। श्रमिक खवर व्यवस्थापन सम्बन्धमा अझै व्यापक वैज्ञानिकीकरण गर्दै यसलाई अन्य समाजका मानिस बीच पनि पुऱ्याउनु पर्दछ। यसमा मजदुरहरूको सामूहिक सौदावाजीबाट छिनिएका मुद्दाहरूको जानकारी पनि प्रकाशन हुनुपर्दछ। साथै विश्वका महान नेता तथा राष्ट्रिय नेता क. मदन भण्डारी र क. मनमोहन अधिकारीको जीवन पनि क्रमश: आएमा अझ प्रभावकारी हुने थियो।

**- टिकाराम थापा,**
सहसचिव, क्युपेक नेपाल केन्द्रीय कमिटी



श्रमिक खवर २ गते भित्र पाउनु पर्नेमा कुनै अंक समयमा उपलब्ध भएन। यसमा जोखिमपूर्ण काम र कारखानाबारे जानकारी लेखहरू प्रकाशित गरियोस्।

**- कृष्ण बहादुर घले**
अध्यक्ष बागमती अंचल, जिफन्ट




श्रमिक खवर विगत ३ महिनादेखि मात्र मैले पढ्न शुरु गरेको हुँ। मेरो अध्ययनमा श्रमिक खवरमा सबै कुरा राम्रो देखें। लेखहरू अलि लामो भएको अनुभव भयो।

**- रामशरण सुवेदी,**
अध्यक्ष, हुकम फर्मास्युटिकल, नेस्वकेआमयू



६० अंकभन्दा पछिका सबै अंकहरू स्तरीय नै छन्। मूल्य पनि उपयुक्त नै छ। फोटो चित्रहरूले अलि बढी ठाउँ लिंदै गएकोले लेख प्रकाशनहरू सांगुरिदै नजाओस् भन्ने मेरो सुझाव छ। वितरण गर्दा समयमा नै सदस्यहरू बीच पुऱ्याउन ख्याल गरियोस्।

**- अर्जुन ढुंगेल**, हेटौडा,
कोषाध्यक्ष, नेस्वकेआमयू, के.क.



श्रमिक खवर भन्ने वित्तिकै विषय आफैमा सान्दर्भिक छ। यो निरन्तर प्रकाशन हुनु जरुरी छ। तर कुनै समयमा ढिलो हुने हुँदा विषय गौण बनि सकेको हुन्छ। तसर्थ यस उपर ध्यान केन्द्रित गराउन चाहन्छु। साथै प्रकाशन सामग्रीहरूमा विभिन्न प्रतिष्ठानहरूको श्रम विवाद लगायत त्यहाँको समस्याहरू समेत संकलन होस् भन्ने चाहन्छु।

**- ध्रुव कुमार लामिछाने**
सचिव हेसिउलि, नेस्वकेआमयू



नेपालको पत्रिका जगतमा "मजदुरद्वारा मजदुरको लागि" भनी प्रकाशित श्रमिक खवर मजदुरहरूको समाचार सम्प्रेषण गर्ने पहिलो विशुद्ध पत्रिका रहेको छ। यसमा प्रकाशित स्तम्भहरू अत्यन्त राम्रो रहेको छ। यसले मजदुरहरूको चेतना वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ। आगामी दिनहरूमा श्रमिक खवर मार्फत जिल्ला समाचार र श्रम विवादका नजिरहरूलाई समावेश गर्नुहुन अनुरोध छ।

**- आनन्द थामी**
अध्यक्ष, जिसक नेस्वकेआमयू, बारा, पर्सा, रौतहट



श्रमिक खवरमा सबै कुराहरू राम्रो भए पनि देशभरीका श्रम सूचना भने कम छ। १ वर्ष, २ वर्ष र ३ वर्ष ग्राहक मूल्यमा केही घटाउन जरुरी छ।
**- जनार्दन पाण्डे**, बारा, नेस्वकेआमयू






श्रमिक खवरमा ट्रेड यूनियनका कुराहरू बढी भएमा अझ प्रभावकारी हुन्थ्यो होला।

**- नवीन कुमार मण्डल,**
बिराटनगर




श्रमिक खवरमा सामग्री बढाउनु पर्छ, समसामयिक र ताजा खवर पनि समावेश गरिनु पर्छ र समयमा हामीमा पुगेको छैन। समयमा पुऱ्याइयोस्।

**- विष्णु पाण्डे,**
नवलपरासी



श्रमिक खवरको मूल्य बढी भएको गुनासो मजदुरहरूको छ। हरेक अंकमा एउटा पाठ शीर्षक "कारखाना परिचय" राखियोस्। जसले गर्दा आफ्नै ठाउँमा बसी विभिन्न ठाउँका कारखाना र मजदुर साथीबारे थाहा हुने थियो।

**- यम प्रसाद भण्डारी**
केन्द्रीय सदस्य, नेस्वकेआमयू, कैलाली



श्रमिक खवरको बाहिरी कभर राम्रो र आकर्षक छ। सकिन्छ भने भित्र पनि रंगीन गराइयोस्। लेख रचना केही छोटो र सर्वसाधारणले पनि बुझ्ने खालका होस्। छोटा छोटा श्रमिकहरूको बारेका कविता समावेश भए अझ राम्रो हुने थियो।

**- टिकाराम पौडेल,**
केस नेस्वकेआमयू



श्रमिक खवरको अध्ययन नियमित गर्छु। यसको स्तरीयतामा कमी आएको छैन। प्रकाशित सन्दर्भ सामग्री समयानुकूल रहेको छ।

**- लालकृष्ण प्याकुरेल,**
नेपाल लिभर लि. मकवानपुर।



श्रमिक खवरमा पुराना मजदुर साथीहरूको बारे पढ्न पाउँदा वहाँहरूको योगदानको कथाबाट हामीलाई त्यसबाट प्रेरणा मिलेको छ। श्रमिक खवरमा नीति कथालाई निरन्तरता दिनुपर्ने देखिन्छ। साथै सकिन्छ भने कवितालाई पनि स्थान दिए राम्रो हुने थियो।

**मंजु थापा,**
नेपाल ल्यूब आयल लि, नेस्वकेआमयू।



श्रमिक खवरमा सबै घटक यूनियनको विषय वस्तु आउनु पर्छ।

**- भैरव प्रसाद पाठक,**
केन्द्रीय कार्यालय नेस्वकेआमयू



श्रमिक खवर स्तरीय र पठन योग्य छ। यसमा स्थायी प्रकृतिका लेखहरू समावेश भएका छन्। यो राम्रो पक्ष हो। समयमा सबै ठाउँमा श्रमिक खवर पुगेको छैन। श्रमिक खवरले विश्वका अन्य ट्रेड यूनियनहरूको गतिविधि र अवस्थाको बारेमा पनि नियमित प्रकाशत गर्दै जाओस्।

**- त्रिविक्रम ज्ञवाली,**
अध्यक्ष अंचल कार्यालय, जनकपुर।

# समाजवाद के हो?

-भरत पहारी



समाजवाद भनेको वर्गीय शोषण र दमन भएको पूँजीवादी व्यवस्था जस्तै समाज व्यवस्था तथा पूर्णतया वर्गविहीन साम्यवादी समाज व्यवस्था बीचको संक्रमणकालीन समाज व्यवस्था हो। यस्तो व्यवस्था कहिले र कति समय रहन्छ भन्ने हुँदैन। यो संक्रमणकालीन अवस्थाको पहिचान र स्थिरता समाजको वर्ग संघर्ष र प्रमुख घटनाहरूमा निर्भर रहन्छ। इतिहासको विकासक्रम कहिल्यै पनि स्वाभाविक तथा गणितीय हुँदैन। घटनाहरूको नतिजा यस्तै हुन्छ भन्न नै सकिन्न।

**समाजवादका विशेषताहरू**

उत्पादनका साधनहरू, मान्छेको श्रम, विभिन्न वस्तुहरू र सेवाहरू सबै कुनै व्यक्तिको विर्ता होइन। त्यसो हुँदा यिनीहरूको सामाजिक स्वामित्व हुन्छ।

अहिलेसम्म हुँदै आएको के हो भने साह्रै थोरै दुईचार जना अथवा मुठीभर मान्छेहरूले बाँकी सबै मानिसहरूको परिश्रम र मेहनत लुटिरहेका र मोजमस्ती गरिरहेका हुन्। समाजवादी व्यवस्थामा वर्गीय शोषणको अन्त्य गरिन्छ। श्रमजीवीहरूको नियन्त्रणमा राज्यसत्ता रहन्छ।

समाजावादी व्यवस्थामा क्षमता हुनेले अल्छी गर्न मिल्दैन र परिश्रम सबैले गर्नुपर्छ। हाकिमको छोरो हाकिम नै हुनुपर्छ भन्ने छैन। त्यसो हुँदा समाजावादी व्यवस्थामा "हरेकलाई क्षमता अनुसार काम र आवश्यकता अनुसार दाम" को व्यवस्था गरिन्छ।

कुनै पनि उत्पादन मुनाफाको लागि हुँदैन। उत्पादनको उद्देश्य मानवीय आवश्यकता पूरा गर्नु हो।

समाजावादी अवस्थामा वर्गहरू हुने र वर्गहरू रहेसम्म राज्यको अस्तित्व हुने हुँदा राष्ट्रको स्वाधीनता र जनताको आत्मनिर्णयको अधिकार समाजवादी व्यवस्थामा हुन्छ। समाजावदको मुख्य प्रेरक शक्ति नै श्रमजीवी वर्ग हो र समाजवादी व्यवस्थामा बहुमतले अल्पमतमा रहेका र विभिन्न ढंगले समाजमा शोषण र दमन गरिरहेकाहरूको वर्ग माथि शासन गर्दछ।

समाजवादको मुख्य चरित्र भनेको श्रमजीवी वर्गको शासकीय नियन्त्रण हो। श्रमजीवी वर्गको शासकीय नियन्त्रण निम्न आधारभूत चरित्रहरूमा आधारित हुन्छ।

**प्रजातन्त्र**

समाजवादको मुख्य चरित्र भनेको समाजका सबै क्षेत्रमा भित्रैसम्म प्रजातन्त्र या जनवादको पहुँच तथा विस्तार हो। समाजवादले राजनीतिक अधिकारहरूलाई बन्देज लगाउँदैन, जस्तो कि चुन्ने चुनिने अधिकार, आवधिक निर्वाचन, संविधानको सार्वोच्चता, कानूनको शासन आदि। यी राजनीतिक

अधिकारहरूलाई वुर्जुवाहरूले आफ्नो पेवा ठान्दछन्। वास्तवमा नेपालमा हेर्ने हो भने २०४६ सालको जनआन्दोलनबाट बहुदलीय व्यवस्था स्थापना गर्ने आधारभूत शक्ति कम्युनिस्टहरू नै थिए। समाजवाद स्थापना गर्न बहुदलीय शासन व्यवस्थालाई हटाइनु पर्दैन। तर आन्दोलनबाट प्राप्त राजनीतिक अधिकारहरूलाई सुरक्षित गर्न सकिएन र व्यापक जनसमुदायमा स्थापित गर्न सकिएन भने सामाजिक परिवर्तन औपचारिकतामा सीमित हुन्छ। अझ समाजमा व्यापक रूपमा प्रत्यक्ष, सहभागितात्मक र प्रतिनिधिमूलक प्रजातान्त्रिक संस्थाहरू र तिनीहरूको अभ्यास गर्न सकिएन भने पनि प्रजातान्त्रिक उपलब्धिहरू औचित्यहीन हुनेछन्। यस्तो स्थितिमा श्रमजीवी वर्ग र वुर्जुवा पूँजीपति वर्ग बीचको अन्तरविरोध चर्केर जानेछ।

**समानता**

समाजवाद समानताको पर्यायवाची हो। पूँजीवादी व्यवस्था र अन्य यस्तै व्यवस्थामा हरेक ठाउँमा भिन्नता हुन्छ, आम्दानीमा ठूलो भिन्नता हुन्छ, सम्पत्तिमा ठूलो खाडल हुन्छ, अवसरमा असमानता हुन्छ र विभिन्न तहको अधिकारका ठूलो भिन्नता हुन्छ। यी सबैखाले भिन्नताहरू हटाउने या भत्काउने व्यवस्था समाजवादी व्यवस्था हो।

समानताको कुरा भनेको मान्छे मान्छे बीचमा उनीहरूको स्थिति र स्वरूपमा यान्त्रिक र एकोहोरो समरूपताको कुरा होइन। समाजवादमा श्रमको विभाजन पनि हुन्छ र व्यवस्थापकीय कार्यसम्पादन पनि हुन्छ। मान्छेहरूमा उनीहरूको सीप, स्वभाव, चाख, चाहना, भावना र प्राथमिकताहरू अनुसार भिन्नताहरू हुन्छन्, भन्ने कुरा स्वीकार गरिन्छ। बरु पूँजीवादी व्यवस्थामा अनेक खालका असमानताहरू कायम राख्दै जनताको व्यक्तित्वलाई दमन र नियन्त्रण गरिएको छ।

**स्वतन्त्रता**

पूर्ण प्रजातन्त्र र समानता स्वतन्त्रताका आधारहरू हुन्। समाजवादी व्यवस्थामा यसलाई विशेष ध्यान दिइन्छ। समाजवादमा व्यापक समुदायलाई व्यक्तिगत तथा सामूहिक विकल्पहरू बढाइनेछ, घटाउने होइन। समाजवाद भनेको गरिबी र भोकबाट मुक्ति अशिक्षा र हेपाइबाट मुक्ति, वेरोजगारीको त्रासबाट मुक्ति, जाति समुदाय वर्ग र लैंगिक असमानता र दमनबाट हुने क्षतिबाट मुक्ति हो।

पूँजीवादी तथा वुर्जुवाहरू छनोटको स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रताको धेरै नै वकालत गर्छन् तर यिनीहरूले समाजको ठूलो हिस्सालाई झन् झन् गरिबीतिर धकेल्ने हुँदा यसले वास्तविक जीवनका विकल्पहरू तथा अवसरहरूलाई ठूलो मात्रामा घटाउँदै लगेका हुन्छन्।

**सामाजिकीकरण**

समाजवादको महत्त्वपूर्ण कुरा अर्थतन्त्रको प्रमुख हिस्साको सामाजिकीकरण हो। पूर्ण प्रजातन्त्रको उपभोग गर्न, आधारभूत समानता र स्वतन्त्रताको विस्तारको लागि यो महत्त्वपूर्ण कुरा हो।

विगतमा समाजवादलाई राष्ट्रियकरण र केन्द्रिकृत योजनाको रूपमा हेरियो तर अर्थतन्त्रको सामाजिकीकरण भनेको श्रमजीवी जनतालाई वास्तविक रूपमा सशक्तीकरण गर्ने कुरा भएको हुँदा यो व्यापक तथा समृद्ध विचार हो।

श्रमिकहरूको सशक्तीकरण भनेको उनीहरूको सम्पत्तिको अधिकारमाथिको नियन्त्रणलाई निरन्तर वृद्धि गर्ने हो। यसले श्रमिकको वास्तविक क्षमतालाई विस्तार गर्दै कार्यक्षेत्रमा गरिने निर्णयहरूमा प्रभाव पार्दैछ। जस्तो कि उत्पादन प्रक्रियामा संगठन र व्यवस्थापनको क्षेत्रमा प्रभाव पार्ने, उत्पादन विकासमा प्रभाव पार्ने आदि।

त्यसको साथै आर्थिक स्वामित्वको सामाजिक अधिकारमा श्रमिकहरूको नियन्त्रण वृद्धि गर्ने कुरा पनि सामाजिकीकरण हो। अर्थात् आर्थिक क्षेत्रमा सामाजिक वचतको बाँडफाँडको नीति, लगानी नीति, राष्ट्रिय बजेटका प्राथमिकताहरू निर्धारण जस्ता विषयहरूमा निर्णय गर्ने श्रमिकहरूको क्षमतालाई वृद्धि गर्ने कुरा सामाजिकीकरण हो।

स्पष्ट रूपमा भन्नु पर्दा स्वामित्वका कानूनी आधारहरू (रूपहरू) पनि सामाजिकीकरणको स्थापनाका सूचकहरू हुन् तर यीनै महत्वपूर्ण भाग भने होइन। अर्थतन्त्रको सामाजिकीकरणले समाजमा व्यापक रूपमा सामाजिक स्वामित्वका आधारहरूलाई ग्रहण गर्नु पर्छ। यस अन्तर्गत निम्न आधारहरू पर्नुपर्छ :

राज्यको विभिन्न अंगहरू- केन्द्र तथा स्थानीय निकायहरूद्वारा संचालित र राज्यको स्वामित्वमा रहेका आधरभूत तथा विविध सामाजिक क्षेत्रका संस्थाहरू विविध प्रजातान्त्रिक नियन्त्रणका रूपहरूबाट संचालित हुन सक्छन्। संस्था संचालनमा विभिन्न ठाउँहरूबाट अनुगमन हुन सक्छ, जस्तोकि ट्रेड युनियनहरू, विभिन्न मंचहरू (फोरमहरू), संसदीय समितिहरू, उपभोक्ता मंचहरू, प्रचार मिडियाहरू आदि

**प्रगतिशील सहकारी संस्थाहरू**

सामाजिक पूँजीको क्रियाशील उपयोगको क्षेत्र, जस्तोकि श्रमिकद्वारा नियन्त्रित संचयकोष, पेन्सन आदि।

समाजवादी व्यवस्था भित्र निजी क्षेत्र पनि रहन्छ। मुख्य कुरा के हो भने साना तथा मध्यम स्तरका संस्थाहरूले समुदायमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् यिनीहरूको भूमिका खास गरी वस्तु र सेवा उपलब्ध गराउन राम्रो हुन सक्छ।

सामाजिक जनवादी व्यवस्था भनेको त्यस्तो समाज हो जहाँ निम्न कुराहरू स्थापित हुन्छन् :

अर्थतन्त्रमा सामाजिक क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ।

प्रजातान्त्रिक तथा वस्तुवादी योजनाका सम्भावनाहरू प्रचुर मात्रामा रहेको हुन्छ।

प्रजातान्त्रिक व्यवहार र संस्कृति जीवनको हरेक क्षेत्रमा स्थापित भएको हुन्छ।

सबै जनतालाई आम्दानी, अधिकार तथा अवसरको समानता रहेको हुन्छ।



# उच्चस्तरीय छानबीन समितिको प्रतिवेदनपछि

–शंकर पोखरेल

नारायणहिटी हत्याकाण्डको छानवीन गर्न गठित उच्चस्तरीय समितिले आफ्नो प्रतिवेदन सार्वजनिक भए पनि यस विभत्स हत्याकाण्डसंग गाँसिएर आएका अनेकौं रहस्यहरूको पर्दा भने यसले खोल्न सकेको छैन। औपचारिक रूपमा अहिले छानवीनको प्रक्रिया समाप्त भएको छ र समितिको प्रतिवेदनद्वारा विभत्स हत्याकाण्डको खलनायकका रूपमा युवराज दीपेन्द्रलाई इतिहासको कठघरामा उभ्याउने प्रयास भएको छ। इतिहासमा कतिपय रहस्यमय हत्याकाण्डका गुत्थीहरू समयक्रममा त्यसका योजनाकार र दवाइएका दसी प्रमाणहरूका आधारमा पनि खुलेको देखिन्छ। छानवीन समितिको प्रतिवेदनबाट इतिहासकार र खोजकर्ताहरूका लागि नयाँ ढंगले घटनाक्रमहरूलाई विश्लेषण गर्नका लागि पर्याप्त ठाउँ प्राप्त भएको छ। छानवीन समितिले सुल्भाउन नसकेका वा छानवीनका क्रममा प्राप्त भएका नयाँ तथ्यहरूले अझ जटिल बनाई दिएका विषयहरू निम्न छन् :

१. श्री ५ वीरेन्द्रको आफ्नो परिवारका अतिरिक्त राजपरिवारका अन्य सदस्यहरू एवं शाही-नातेदारहरू गरी २४ जनालाई राती ७:३० बजे आमन्त्रण गरिएकोमा आमन्त्रित मध्ये श्री ५ अधिराजकुमारी प्रेक्षा राज्यलक्ष्मी देवी शाह, कुमार श्री मोहनबहादुर शाही र राजकुमारी विमला सिंह गरी ३ जना बाहेक अन्य सबैको उपस्थिति रहेको कुरा प्रतिवेदनमा उल्लेख छ। तर त्यस दिनको पारिवारिक भोजमा तत्कालीन अधिराजकुमार ज्ञानेन्द्रलाई नबोलाइनुको कारण के हो ?
२. कार्यक्रम आयोजना गरिएको स्थान त्रिभुवन सदनमा राती ७:३० बजेभन्दा अगाडिनै सर्वप्रथम श्री ५ युवराज उपस्थित भएको र राती ८ बजे श्री ५ युवराजले नै आफ्नो

मोटरबाट आफैले श्री ५ मुमाबडामहारानीलाई ४ महेन्द्र-मञ्जिलबाट सवारी चलाएको कुरा तथ्यबाट देखिन्छ। यसले मुमा वडामहारानीलाई आफैले सवारी चलाई ल्याउने युवराज रात्री भोजको होस्टको रूपमा अत्यन्त जिम्मेवार र सचेत रहेको देखिन्छ। यस तथ्यले युवराज तनावमा रहेका तथा जुनरूपमा प्रस्तुत गर्न खोजिएको छ, त्यस प्रकारको निष्कर्षमा पुग्न अनुमति दिंदैन।

३. युवराजले ७:३० बजे विलियार्ड हलमा केही समय एक्लै विलियार्ड खेलेको र त्यस क्रममा १/२ पेग पानी नराखी ह्विस्की पिएको बताइएको छ। जस्तो कि रिपोर्टमा भनिएको छ "श्री ५ महाराजाधिराजको त्रिभुवन सदनमा सवारी हुनुभन्दा करिव १०-१२ मिनेट अगाडि श्री ५ युवराजाधिराज शरीर थाम्न नसकी ढलपल ढलपल गरेको देखी ह्विस्कीको असरले हो कि भन्ने संझी श्री ५ अधिराजकुमार निराजन, श्री ५ शाहज्यादा पारस, कुमार गोरख र डा.राजीव समेत ४ जना भई श्री ५ युवराजाधिराजलाई त्रिभुवन सदनभित्र रहेको मौसूफको खोपीमा सवारी चलाएको कुरा खुल्नआएको छ। एक दुई पेग ह्विस्की पिउँदैमा नियमित रूपमा कडा नसा सेवन गर्नेको अवस्था त्यस्तो कसरी हुन्छ?

युवराज दीपेन्द्र विलियार्ड कोठामा रहँदाकै अवस्थामा राती ८ बजेर १९ मिनेटको समयमा आफ्ना एडिसी गजेन्द्र बोहरालाई चुरोट ल्याउन हुकुम भएबमोजिम उनले श्री ५ युवराजाधिराजका शाही अर्दली रामकृष्ण केसीलाई आदेश गरे। निजले विशेष प्रकारका चुरोट विलियार्ड कोठाको पूर्व ढोकामा गई श्री ५ शाहज्यादा पारस मार्फत् जिम्मा दिइआएको भन्नेकुरा समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ। उक्त घटनाको एउटा महत्त्वपूर्ण तथ्य वनाइएको उक्त विशेष प्रकारको चुरोट साहाज्यादा पारसलाई दिएको र पारसले हाँसेर लिएको तथ्य सार्वजनिक भएपछि छानवीन समितिले साहाज्यादा पारससंग त्यस विषयमा सामान्य सोधपुछ समेत गरेको देखिएन। त्यो चुरोट युवराज दीपेन्द्रले खाए नखाएको कुरा समेत स्पष्ट भएको देखिंदैन। त्यस चुरोटमा हालिएको भनिएको पदार्थको रसायनिक परीक्षण गराई पुष्टि गरेको देखिंदैन।

५. देवयानी राणाले राती ८:२५ बजे कुरा भइरहेको समयमा "श्री ५ युवराजाधिराजको स्वर अलि लड्वराइ राखेको छ अलि सञ्चो छैन कि? भनी श्री ५ युवराजाधिराजको पार्श्ववर्ती गजेन्द्र बोहरालाई अफिसमा र राजु कार्कीलाई निजको घरमा फोन गरेर खोपीमा गई हेर्न आग्रह गरेकी

## यसरी परिवर्तन हुँदै आएको छ दरवारमा शक्तिमाथिको अधिकार

### कोत पर्व



राजा राजेन्द्र वीर विक्रम साहदेव र उनकी कान्छी रानी राज्य लक्ष्मी देवी बीच भइरहेको सौतेली झगडाको कारणले दरवारभित्र गुट सृजना हुन पुगेको थियो। राजा राजेन्द्रले राजपरिवार परम्परा अनुसार जेठी महारानीका जेठा सुपुत्र सुरेन्द्रलाई उत्तराधिकारी बनाउने निर्णय गरेका थिए। तर रानी राज्य लक्ष्मी आफ्नो छोरा रणेन्द्र विक्रम शाहलाई राजगद्दी उत्तराधिकारी बनाउन चाहन्थिन्। जनरल माथवर सिं थापाको अवसान पछि प्रमुख प्रशासन कसले हात लाउने भन्ने सवालमा भारदारहरू बीच लडाईं चल्दै थियो। यसका लागि फत्तेजंग, गगन सिं र जंगबहादुर ३ जना दावेदार रहेका थिए। फत्तेजंगलाई प्रधान मन्त्री एवं प्रधान सेनापति बनाई आफ्नो शक्ति दरिलो पार्ने अभिलाषा राजाको थियो भने रानीको गगन सिंलाई बागडोर सुम्पने दाउ थियो। जंगबहादुर राजा र रानीको बीचमा फाटो ल्याउँदै दुवैलाई सखाप पारी सत्ताको बागडोर आफ्नो हातमा लिन कुटील षडयन्त्र गरिरहेका थिए। सोही मुताबिक वि.सं. १९०३ भाद्र ३१ गतेका दिन राती १० बजे जंगबहादुरले आफ्नो मान्छे लगाएर गगन सिं भण्डारीको उनैको घरको पूजा कोठामा गोली हानी हत्या गरे।

गगन सिंको हत्याको खवरले क्रोधित भएर महारानी राज्य लक्ष्मीले आफ्नो आदेशमा गगनसिंको हत्याराको पत्ता लगाउन राती १२ बजे कोतको पटांगिनीमा भारदारहरूलाई उपस्थित हुन सामेलीको विगुल फुक्न लगाइन्। रानीद्वारा भेला गराइएको यस जमघटमा जंगबहादुरले तत्कालीन चौतारिया फत्तेजंग शाह लगायत आफ्ना विरोधी भारदारहरू र अन्य सयौं भरदारहरूको हत्या गरे। यस घट्नाले गर्दा राजा राजेन्द्र विक्रमले भाग्नु पर्‍यो भने युवराज सुरेन्द्र र उपेन्द्रलाई नजरबन्द गर्ने आदेश दिइयो। र तेस्रो दिन महारानी राजेन्द्र लक्ष्मीबाट जंगबहादुर आफूलाई प्रधानमन्त्रीको घोषणा गराउन सफल भए।

हुँ" भनी उल्लेख गरेको पाइयो। यसबाट पनि युवराज र देवयानीका बीचमा गंभिर कुराकानी भएको देखिंदैन। यस्तो अवस्थामा विवाहका कारणले उक्त घटना घटन गएको हो भन्ने कुराको कुनै भरपर्दो आधार देखिंदैन। त्यसमाथि साहाज्यादा पारसले विवाहको विषयमा अर्को दिनमात्र श्री ५ संग कुरा गर्ने विचार गरेको युवराजले बताएको तथ्य आइसकेपछि हत्याको कारण विवाह नरहेको अवस्था देखिन्छ।

६. देवयानी राणाले युवराजको अवस्था ठीक नरहेको सूचना दिएपछि एडीसी गजेन्द्र बोहराको आदेशानुसार अर्दली रामकृष्ण केसी र द्वारे आमा जमुना अधिकारी युवराजको खोपीमा पुग्दा श्री ५ युवराजाधिराज भुइँमा पल्टिराखेको र शरीरको माथिल्लो कपडा फुकाल्न खोजी बक्सेको देखी सो कपडा फुकाल्न निजहरूले सहयोग गरेको भन्ने तथ्यबाट युवराजको त्यतिबेलाको नाजुक अवस्थाको अनुमान गर्न सकिन्छ? कतै युवराजलाई योजनाबद्ध ढंगले बेहोसी अवस्थामा राखी अरू कसैले षडयन्त्रपूर्ण योजना अन्तर्गत युवराजको भेषमा उपरोक्त घटना घटाएको पो हो कि?

८. राती ८:३९ बजे युवराजले देवयानी राणासंग ३२ सेकेण्ड कुरा गरेको युवराजले "अब म सुत्न लागें", "गुड नाइट, भोलि कुरा गरौंला" भनेको भनी देवयानीबाट जानकारी भएपछि अन्तिम समयमा पनि युवराज कुनै मानसिक तनावमा नरहेको देखिन्छ। देवयानीलाई त युवराजले आफ्नो कुरा नलुकाउनु पर्ने हो?

९. देवयानी राणासंग फोन सम्पर्क गरे पश्चात् श्री ५ युवराजाधिराजबाट सैनिक कम्ब्याट पोशाक पहिरी हात हतियार समेत लिई खोपी बाहिर निस्किबक्सिदा श्री ५ युवराजाधिराजको अर्दली रामकृष्णले देखी श्री ५ युवराजाधिराजको बाहिर सवारी हुने रहेछ क्यार भन्ने ठानी "इमर्जेन्सी ब्याग टक्रयाउँ सरकार?" भनी जाहेर गर्दा श्री ५ युवराजाधिराजबाट "पर्दैन अहिले" भन्ने हुकुम भएको अर्दलीको कथन रहेको छ। यस्तो अवस्थामा समितिले युवराजको माथि भनिएको अवस्था र यस बीचमा देखिएको अन्तरलाई समाधान गर्न प्रयास गर्नु पर्ने थियो।

१०. श्री ५ युवराजाधिराज कम्ब्याट सैनिक पोशाकमा दुईतर्फ राइफल र १२ वोर भिरिबक्सी विलियार्ड कोठातर्फ प्रवेश गरिवक्सेको विलियार्ड कोठासंगै जोडिएको डाइनिङ्ग कोठाको पूर्वपट्टिको बैठकबाट ब्वाइज बच्चुराम केसीले देखेको भन्ने रहेको छ। यस कुराले पनि युवराज वा युवराजको भेषको व्यक्ति भन्ने आशंकायुक्त जिज्ञासालाई समाधान गर्न सकेको देखिंदैन। कतै यो घटना युवराजलाई नसामा लट्ठ पारी युवराज कै पोषाक र हतियार समेत प्रयोग गरी युवराजकै भेषमा छद्‌म व्यक्तिबाट योजनाबद्ध ढंगले घटाइएको हो कि?

११. श्री ५ युवराजले सैनिक कम्ब्याट पोशाकमा आई पटट गोली चलाई हत्या गरेको भन्ने अधिराजकुमारी शोभा, शाहज्यादा पारस, कुमार गोरख, केतकी चेष्टर, रवि शम्शेर , डा. राजीव शाही, र महेश्वर कुमार सिंह समेतको भनाइ रहेको छ। त्यसबेला युवराजले बोलेको भन्ने भनाइ कसैको देखिंदैन। आफ्नो असन्तुष्टि र उत्तेजनाबस मातेको अवस्थामा गोली चलाउने व्यक्तिले जथाभावि कराउँदै गोली चलाउनु पर्ने होइन र? यस घटनामा त गोली चलाइरहेको अवस्थामा समेत गोली चलाउने व्यक्तिमा कुनै उत्तेजना नै देखिंदैन। बरु मार्नु पर्ने मानिस भागेर बाँच्ने हो कि भन्ने किसिमको सतर्कता देखिन्छ। पहिलो हतियार फ्याँकेर दोस्रो हतियार प्रयोग गर्दा त्यही कुरामा ध्यान पुऱ्याएको देखिन्छ। युवराजले परिवारको हत्या गरेर विवाहका लागि बाधा हटाउन खोजेको हो भने आत्महत्या गर्नु पर्ने कारण देखिंदैन। यदि युवराज अरूको हत्या गरेर आफू राजा भई आफूले मनचाहेको केटी विवाह गर्न चाहन्थे भने युवराजको हत्या चाहिं कसले गऱ्यो त ?

१२. एउटै व्यक्तिले तीन तीन पटक विलियार्ड कोठामा प्रवेश गरी अन्धाधुन्द फाएरिङ्ग किन गर्नु पऱ्यो ? अत्यन्त छोटो समयमा सबै कुरा घटेको भन्ने भनाइका आधारमा अध्ययन गर्दा तीन पटक विलियार्ड हलमा गएर हत्याराले कसैको विशेष खोजी गरिरहेको अनुमान गर्न सकिन्छ। सम्भवत: त्यो खोजी राजा र युवराजको हत्या पश्चात राजा हुने रोलमा पर्ने भएका कारणले निराजनको नै हुन सक्ने आशंका गर्न सकिन्छ। कतै आशंका लागेर युवराजलाई हेर्न खोपीमा जान लागेको बेलामा युवराजको खोपीमा रहेको अर्को व्यक्तिले महारानीको हत्या त गरेन? प्रतिवेदनमा वडामहारानीको हत्या भऱ्याङको सातौं खुडकिलोमा खोपीमा पुग्ने ठाउँको भऱ्याङ्गको माथिल्लो भागमा रहेको ल्याण्डिङ्ग एरियाबाट फाएरिङ्ग गरिएको तथ्य अघि सारिएको छ। जबकि युवराज भनिएको आकृतिको मान्छे भऱ्याङमाथि चढेको भन्ने तथ्य र आधार भेटिएको छैन। पूर्व तर्फको भित्री बगैंचातिर जाँदा रातो सारी पहिरिएको महिलाको आकृतिले पनि त्यसतर्फ खेद्दै गरेको दृश्य देखिएको भन्ने भनाइले त स्थितिलाई अझ रहस्यपूर्ण बनाएको छ। विलियार्डहलमा तीन तीन पटकको उपस्थिति, निराजन र बडामहारानीको हत्या भएको ठाउँको अन्तर तथा युवराजले आत्महत्या गरिएको भनिएको ठाउँलाई हेर्दा एउटै व्यक्तिबाट त्यति छोटो समयमा यति गंभिर घटना हुनसक्ने अवस्था देखिंदैन। यस्तो अवस्थामा युवराज बाहेक पनि एकभन्दा बढी व्यक्तिबाट यो घटना घट्यो कि?

१४. छानवीन समितिले कसको कहाँ हत्या भयो भन्ने विषयमा त एकहद सम्मको विवरण दिएको छ। तर बडामहारानी र निराजनको हत्या तथा युवराजको आत्महत्याका सन्दर्भमा

उठेका र उठन सक्ने आशंकालाई निर्मूल गर्न भने ध्यान दिएको देखिंदैन। युवराजको घाइते अवस्थामा भेटिएको भनिएको ठाउँमा दुईवटा खोका फेला परेको भनिए पनि युवराजलाई कति गोली लाग्यो भन्ने कुरा स्पष्ट छैन। अनि दाहिने हात चलाउने युवराजले कसरी देब्रे कञ्चटमा गोली हान्न सक्छन् भन्ने आशंका र प्रश्नलाई समाधान गर्न खोजेको देखिएन। त्यसरी नै घटनास्थलमा बच्न सफल भएकाहरू के कसरी बच्न सफल रहे घाइते समेत नरहेका व्यक्तिहरूले उक्त घटना घट्दा के कस्तो भूमिका खेले? प्रतिकार गर्ने प्रयास गरे कि गरेनन् ? उद्धारको क्रममा सुरक्षा अधिकारीहरू भित्र पस्ने बेलामा राजिव शाही वगैंचाबाट आउँदै गरेको बताइएको छ। त्यस्तो संवेदनशील अवस्थामा राजिव शाही वगैंचामा किन गएका थिए? जबकि वगैंचामा निराजन र युवराजको हत्या भएको देखिन्छ।

१५. श्री ५ युवराजाधिराजको साथमा रहने गरेको भनिएको पिस्तोल र खोका समेत पूर्वपट्टिको पोखरीको पानीमा पाइएको वताइएको छ जुन पिस्तोलबाट युवराजले आत्महत्या गरेको बताइन्छ। आत्महत्या गर्ने व्यक्तिले आफ्नो निधारमा गोली प्रहार गरे पछि आफूलाई प्रहार गरेको हतियार पानीमा लुकाउने अवस्था नरहनु पर्ने हो?

१६. एडीसी र सुरक्षा अधिकारीहरू किन कुलतमा लागेका र बदनाम समेत रहेका राजपरिवारका युवासदस्यहरूको उपस्थिति हुने ठाउँको सुरक्षाका बारेमा आवश्यक सतर्क रहेनन् ? किन उनीहरू पहिलो प्रहारमै भित्र पस्न आवश्यक ठानेनन्। उनीहरूले घटना घटेपछि नजिकमा रहेको वीर अस्पताल र टिचिङ अस्पताललाई छोडेर किन गंभिर घाइतेहरूलाई छाउनीमा पुऱ्याए। किन उनीहरूले त्यस्तो अवस्थामा पनि उपचारमा भन्दा गोपनियतामा ध्यान दिए?

१७. तयारी गरेर पनि के कति कारणले र कसको आदेशमा सबको पोष्टमार्टम गर्न दिइएन? कतै परम्पराका नाममा पोष्टमार्टम गर्न नदिएर हत्याको रहस्यलाई लुकाउने प्रयास त भएन?

१८. जननेता मदन भण्डारीको हत्याका बेलामा त भिसेरा परीक्षण गराइएको थियो। तर अहिले सिंगै राजबंशको हत्या हुंदा आम जनताको अत्यन्त ठूलो माग र विरोध रहँदा रहँदै किन पोष्टमार्टम गरिएन? किन शव जलाउनुपूर्व नै मृत्युको कारण सार्वजनिक गरिएन? किन भिसेरा परीक्षणको आवश्यकता महसुस गरिएन?

१९. समितिले युवराजले लगाएको भनिएको पोषाकमा लागेको रगतको परीक्षण गराएको कुरा उल्लेख छ। तर युवराजको कोठा, घटनास्थल र प्रयोग भएका हात हतियारहरूको विश्वसनीय ढंगले परीक्षण तथा अनुसन्धान गरेको देखिंदैन। यतिसम्म कि युवराजले पिएको भनिएको विशेष चुरोटमा समेत के मिसाइएको थियो भन्ने कुरा समेत स्पष्ट गर्न सकेको छैन। मैले मिसाएको चुरोट दिएको हुं भन्ने व्यक्ति उपस्थित हुंदा त त्यसको प्रमाण जुटाउन नसकिएको अवस्थामा आयोगले गराएको फिंगर प्रिन्टको रिपोर्टमाथि कति विश्वास गर्ने ?

२०. युवराजलाई उपचारका लागि अस्पताल पुऱ्याउँदा पञ्जा लगाएको अवस्थामा पुऱ्याइएको र सो पञ्जा पनि समितिलाई उपलब्ध गराइएको कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ। यसरी समितिले हतियारमा फिंगर प्रिन्ट नभेटिएको घटनाको प्रमाणका रूपमा प्रस्तुत गर्न खोजेको छ। आवेगमा आएर परिवारको हत्या गरेर आफूले समेत

## भण्डारखाल पर्व



कोतपर्वको घटनापछि उत्साही हुन पुगेकी महारानी राज्य लक्ष्मीले आफ्नो छोरालाई राजगद्दी उत्तराधिकारी घोषित गराउन हतारो मान्दै २३ अक्टोबर १८४६ का दिन राजकुमार सुरेन्द्र र उपेन्द्रको हत्या गर्न आवश्यक व्यवस्था गर्न जंगबहादुरलाई आदेश दिइन्। तर जंगबहादुरले त्यो कुरा मानेनन्। उनले स्वयं रानीलाई नै कारवाही गर्ने जवाफ दिए। त्यसपछि पनि जंगबहादुरले आफ्नो अन्य आदेशको पालना नगरेकोले रानीको जंगबहादुरप्रतिको विश्वास घट्दै गयो। रानीले जंगबहादुरको हत्या गर्न गगनसिंको छोरो बजिरसिंलाई सूत्रधारको रूपमा खडा गरी योजना मिलाइयो। योजना अनुसार जंगबहादुरलाई भण्डारखालमा बोलाइयो।

यो योजनाको सुराकी पाई बोलाउन आउने मानिसलाई बाटैमा हत्या गरी जंगबहादुर सशस्त्र बल सहित भण्डारखालमा प्रवेश गरे। र त्यहाँ आफूलाई मार्न लुकी बसेका भारदारहरू र अन्य बचेखुचेका आफ्ना विरोधीहरू मध्ये कतिको हत्या, कतिलाई मुण्डन गरी देश निकाला र कतिलाई आजीवन कारावास गरे। यस काण्डमा रानीलाई समेत नजरबन्दी बनाइएको थियो। ३१ अक्टोवर १८४६ को दिन घटेको यस हत्याकाण्डलाई नेपाली इतिहासमा भण्डारखाल पर्व भनिन्छ।

आत्महत्या गर्ने व्यक्तिले पेसेवर अपराधीले जस्तो कुनै सुराक प्राप्त नहुने गरी अपराध गर्छ र?

२१. घटनास्थलमा पाँचवटा हतियार प्रयोग भएको र दुईवटा हतियारको प्रयोग नभएको बताइएको छ। एउटा हतियार निराजनको साथमा रहेको बताइएको छ। युवाहरू एकै ठाउँमा बस्ने गरेको कुरा त्यहाँ बताइएको छ। तर निराजन कतिवेला के कामका लागि बाहिर गएको भन्ने कुरा कतैबाट खुलेको देखिंदैन। बडामहारानी शुरूमा कहाँ हुनु हुन्थ्यो र पछि कतिबेला त्यहाँ पुग्नुभयो भन्ने कुरा पनि खुलेको देखिंदैन। निराजन र बडामहारानीको हत्या कसरी भयो भन्ने कुराको कोही पनि प्रत्यक्षदर्शी देखिंदैन। दुवैलाई कस्तो गोली लागेको थियो भन्ने कुराको कुनै प्रमाण पनि सुरक्षित रहेको देखिंदैन। यस्तो अवस्थामा निराजनबाट आफूसंग रहेको हतियार किन प्रयोग भएन? प्रयोग नभएको भनिएको पाँचौ हतियार कसले के प्रयोजनका लागि त्यहाँ पुऱ्यायो। जबकि देख्ने दावी गर्नेहरू सबैले युवराजसंग दुईवटा हतियार मात्र देखिएको कुरा गरेका छन्।

२२. राजदरवार हत्याकाण्डको सबैभन्दा गंभिर पक्ष घटनाको वास्तविकतालाई लुकाउन खोज्नु र प्रायोजित रूपमा सूचनाहरूलाई अपारदर्शी ढंगले सार्वजनिक गर्न प्रयत्न गर्नु पनि हो। उच्च सैनिक सूत्रको हवाला दिएर विदेशी सञ्चार माध्यममा प्रशारित गरिएको समाचारको स्रोत के थियो। उच्चस्तरीय छानवीन समिति गठन भएको अवस्थामा पत्यक्षदर्शी र आफन्तहरूका नाममा सूचना प्रसारण गर्न खोज्नुको कारण के थियो? के कुराबाट प्रेरित भएर वा के कुरालाई प्रभावित गर्नका लागि त्यसो गरियो? कतै यो आयोगलाई प्रभावित गर्ने चालवाजी त थिएन ?

२३. २०५८ जेठ १९ गते शुक्रबार नारायणहिटी राजदरबारमा घटेको घटनामा परी मृतक हुने सबैको मृत्युको कारण बन्दुकको गोली लागेको कारणबाट भएको कुरा वीरेन्द्र सैनिक अस्पताल छाउनीका सम्बन्धित चिकित्सकहरूको राय देखियो। तर कसलाई कस्तो प्रकारका र कतिवटा गोली लागी मृत्यु भएको हो भन्ने किन उल्लेख गरिएन?

## अलौ पर्व



भण्डारखाल पर्वबाट राजपाटबाट हटाइएकी महारानी राज्यलक्ष्मी र राजा राजेन्द्र विक्रम शाहले काशी जाने मनसाय व्यक्त गरे। जंगबहादुरद्वारा केही भारादारहरूको साथमा राजा र रानीलाई आफ्नो उत्तराधिकारीको रूपमा सुरेन्द्रलाई गद्दीमा बसी राजपाट चलाउने र राजा राजेन्द्र ३ महिना भित्र फिर्ता नआएमा सदाको लागि राजपाट सुरेन्द्रले चलाउने अवस्थाको पञ्जापत्र गराई काशी पठाइयो।

काशीमा राजालाई स्वयं रानी र निर्वासित भारदाहरूबाट राजपाट पुन: सम्हाल्नु पर्ने सुझाव दिनहुँ दिन थाले। राजालाई पनि कोतपर्वको हृदय विदारक हत्याको बदला लिन जंगहादुरको कुटिल चालको भण्डाफोर गर्ने सपनाले सताइरहेको थियो। यसरी सबैतिरको जोडले गर्दा राजा पुन: नेपाल फर्कन योजना बनाउन थाले। अर्कोतर्फ जंगबहादुरले यदि राजा नेपाल फर्कने भएमा सैनिकशक्ति आफ्नो मातहत हुनुपर्ने, पजनीको अधिकार आफैसंग रहनुपर्ने आदि मागहरू राख्दै थिए। जंगबहादुरले भारदारी सभा बोलाई "अब उप्रान्त हामीहरू सबै प्राइमिनिस्टर एवं कमाण्डर इनचिफको आज्ञा अनुसार मात्र काम कारवाही गर्नेछौं, हजुरको हकुम अनुसार काम गर्न असमर्थ छौं।" भन्ने पत्र तयार गरी राजेन्द्र कहाँ पठाए। सो पत्रको जवाफ दिनको लागि राजाले आम नेपाली जनता र १७ पल्टनमा सैनिकहरूको नाममा जंगबहादुरका अनेकौं करतुत देखाउँदै आफ्नो तर्फबाट "म यहाँ त्यसै आएको होइन, जंगेको अत्याचारलाई सहननसकेर आएको... " भन्ने पत्र लेखी पठाए। जंगबहादुरले यो कुराको सुइको पाई वि.सं. १९०४ बैशाख ३० गते काठमाडौंको टुंडीखेलमा खुला सभा गरी आफ्नो पक्षका भारदारहरूद्वारा युवराज सुरेन्द्रलाई राजा बनाई गद्दीमा राख्नु पर्ने र राजेन्द्रलाई कारवाही गर्नु पर्ने माग गराई सोही बमोजिम राजा सुरेन्द्रलाई राजगद्दीमा बसाले। यो काण्डबाट अत्यन्त क्रोधित राजा राजेन्द्रले जंगबहादुरलाई मार्ने षडयन्त्र गरी अर्को योजना बनाई "अलौ" भन्ने स्थानमा आई बसे र उनले त्यहीं आफ्नो सैनिक सुदृढ गर्न थाले। जंगबहादुरले राजा राजेन्द्रको यो योजना थाहा पाई सो स्थानमा हमला गर्न माहिला राजकुमार उपेन्द्र विक्रम र जंगबहादुरका भाइ रणोद्दिप सिं र ठूला हतियारधारी फौज अलौ पठाए। त्यहाँ राजाका सेना र काठमाडौंबाट गएका सेनाको बीचमा युद्ध भयो। र राजालाई गिरफ्तार गरी काठमाडौं लगी नजरबन्द राखियो। इतिहासमा यो पर्वलाई अलौ पर्व भनिन्छ।

# सरकारको दमनकारी कदम

राजदरवार हत्याकाण्डको भयावह त्रासदीले सिंगो देशलाई पिरोलेको वेला जेठ २२ गतेको राजपत्रमा सुटुक्क छापियो - सार्वजनिक सुरक्षा नियमावली २०५८।

सार्वजनिक सुरक्षा ऐन २०४६ को अधिकार प्रयोग गर्ने बहानामा जनताका प्रजातान्त्रिक अधिकारमाथि प्रमुख जिल्ला अधिकारीले ठाडै हस्तपक्षेप गर्ने रकमी र काइते तरिका यो नियमावलीको रूपमा गृहमन्त्रालयले अगाडि सारेको छ। यसको सबै क्षेत्रबाट चौतर्फी विरोध भएको छ। सत्तारुढ दलभित्रै पनि गृहकार्य नगरी र जानकारीसम्म नदिई अकस्मात लागू गरिएकोमा असन्तुष्टि र आश्चर्य व्यक्त भएको छ। स्थानीय अधिकारी अर्थात प्र.जि.अ. लाई अत्यन्त शक्तिशाली बनाएर वाक स्वतन्त्रता, लेख्ने स्वतन्त्रता, प्रकाशन गर्ने स्वतन्त्रता, प्रदर्शन र विरोध गर्ने स्वतन्त्रता, जुलुस र आमसभा गर्ने स्वतन्त्रता, मौलिक नागरिक र राजनीतिक अधिकारमाथि समेत हस्तक्षेप गर्ने अधिकार दिएको छ। संविधान र ऐनमाभन्दा बढी अधिकारलाई यसले नियमको माध्यमबाट स्थानीय प्रशासकलाई दिइनुले प्रजातन्त्रप्रतिको सरकारको ओठे प्रतिबद्धता समेत नांगै भएको छ।

यस नियमावलीको खारेजीको लागि सर्वोच्च अदालतमा रिट दर्ता गरिएको छ, विरोधपत्रहरू सबै क्षेत्रबाट धमाधम दिइएका छन्। यो नियमावली जारी गर्नुलाई सरकारको अप्रजातान्त्रिक मात्र होइन, प्रतिगामी कदमको रूपमा आम जनताले बुझेका छन्।

राष्ट्रिय मानव अधिकार आयोगमा पनि यो नियमावली विरुद्ध उजुरी परिसकेको छ। सरकारले यसबारे स्पष्ट पार्न सरकारी संचार माध्यमबाट गरेका प्रयासहरू निरर्थक र तर्क विहिन सावित भएका छन्। यस सार्वजनिक सुरक्षा नियमावली २०५८ को विरोधमा आमसभा आयोजना गर्न लागेकोमा समेत सांसदसहित ५० औं राजनीतिक कार्यकर्ताहरू गिरफ्तार गरेर कानून र संविधानको सरकार र स्थानीय प्रशासनले खिल्ली उडाएका छन्। एउटा गोरखापत्रले मात्र "उच्छृंखलताबाट वाक्क भएका सबैद्वारा स्वागत" "सामाजिक सुरक्षाको प्रत्याभूति" जस्ता शीर्षकमा सरकारको अनावश्यक चाकरी बजाएर सिंगो देशलाई हँसाउने काम गरेको छ। त्यो पनि शोकको वेलामा।

नेपाल ट्रेड यूनियन महासंघले यो सरकारी कदमको निन्दा गरेको छ। र, सार्वजनिक सुरक्षा नियमावली - २०५८ अविलम्व खारेज गर्न माग गरेको छ।

स्मरणीय छ श्रमिक खवरको ६१ औं अंकमा हामीले हाम्रा मौलिक अधिकारमाथि प्रतिबन्ध लगाइदै रहेकोमा "सावधान" गरेका थियौं। अहिलेको सरकारी निर्णयले हाम्रा अधिकारहरू खोस्ने धृष्टता गरेको छ।

## बयालिस साल पर्व



जंगबहादुरबाट श्री ३ महाराज एवं प्राइमिनिस्टरको उत्तराधिकार सम्बन्धी रोलक्रमको तयार गरेपछि राणा परिवारहरू २ गुटमा विभाजित थिए। एउटा गुट जंग परिवार र अर्को समसेर परिवार। रोलक्रम अनुसार जंग परिवार गुटको रोलक्रम नातीसम्म कायम भइसकेपछि मात्र जंगबहादुरका भाइका छोराहरूको पालो आउने थियो। यसले गर्दा एक आपसमा दुवै गुट बीच मनमुटाव भइरहेको थियो। जंगबहादुर जीवित रहन्जेलसम्म यो मनमुटाब प्रत्यक्ष रूपमा देखा परेन तर जंगबहादुरको मृत्युपछि यो विवाद चर्कियो। वि.सं. १९४१ असोज ३० गते धीर समसेरको निधन भयो र रणोद्दिप सिं राणा प्रधानमन्त्री बने। यिनी राणाहरूको दुवै गुटमा तटस्थ थिए। तापनि आफू पछि जगतजंगलाई उत्तराधिकार बनाउने पक्षमा उनी थिए। यसमा महारानीको पनि समर्थन थियो। तर जगतजंग र नरेन्द्र विक्रम शाहलाई राणा शासन विरुद्ध षड्यन्त्रको आरोप थियो। यो आरोपको निवारणको लागि विशेष आयोग गठन गरी निर्दोष सावित गराउने काम पनि भयो। यसले समसेर खलकलाई ठूलो चोट पुग्यो। समसेर खलकले निसन्तान रणोद्दिपले जंग परिवारमा रोलक्रम लाने पक्का भएको ठानी यसलाई रोक्नको लागि योजना बनाउन थाले। उनीहरूले रणोदिप सिंको हत्या गर्ने र जंग परिवारको सट्टा समसेर खलक शक्तिमा आउने प्रपञ्च मिलाए।

इन्द्र जात्राको दिन श्री ५ सँगै श्री ३ महाराज पनि १० दिनसम्म हनुमान ढोकामा बस्ने चलन भएकोले सोही वेलामा रणोद्दिपको हत्या गर्ने र यसको दोष रणवीरजंगलाई लगाई जंग खलकलाई समाप्त पार्ने योजना बन्यो। यो कुराको सुराक रणोद्दीप सिंले पाए। भारतमा रुसले आक्रमण गर्ने बहानामा नेपाली २००० फौज पठाउने निर्णय भयो। सोही अनुसार फौजसंग वीर समसेर र उनका भाइहरू पनि दिल्ली पठाई गंगा नदी पार हुनासाथ जगतजंगलाई उत्तराधिकारी नियुक्त गरी काशी जाने योजना रणोद्दीपको थियो। अर्कोतर्फ सोही सेनाको उपयोग गरी जंग खलक समाप्त पार्ने योजना समसेर खलकको थियो।

वीर समसेरको नेतृत्वमा सैनिक दिल्ली प्रस्थान गर्ने तयारी भयो। सोही दिन समसेर खलकका सबै भाइ योजना मुताविक आआफ्नो स्थानमा तैनाथ भए। राती करीव ९ बजे पछि वीर समसेरका तीन भाइ डम्बर, खड्ग र भीम समसेर दरवार प्रवेश गरी उनीहरूले रणोद्दीप माथि गोली प्रहार गरी हत्या गरे। रणोद्दीपको हत्या पछि नावालक श्री ५ पृथिवी वीर विक्रम र मुमा महारानी समेत लिई वीर समसेर टुंडीखेल पुगे। त्यहाँ भारदारहरू लगायत तैनाथी सेनाहरूको बीचमा राती नै महारानीद्वारा रणोद्दिपको हत्या रणवीरजंगले गरेको र आफू र महाराजलाई समेत मार्ने योजना बनाएकोमा वीर समसेरले वुद्धिमत्तापूर्वक महाराजको सुरक्षा गरेकोले वीर समसेरलाई श्री ३ प्रधानमन्त्री भएको घोषणा गर्न लगाइयो। १९४२ माघ ९ गते वीर समसेर प्रधानमन्त्री बनेको घटनालाई ४२ साल पर्व भनिन्छ।

# नेकपा (एमाले) प्रधानमन्त्रीसंग कस्तो सम्झौता गर्न चाहिरहेछ ?

**२०५८ असार १३ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रमुख प्रतिपक्ष दलका नेता एवं नेकपा (एमाले) का महासचिव माधव नेपाललाई एक पत्र लेख्नुभयो। वहाँले तत्काल उत्पन्न असामान्य अवस्थालाई सहज बनाउन एमाले र त्यसको नेतृत्वले देखाएको जिम्मेवार तथा विवेकपूर्ण भूमिकाप्रति धन्यवाद ज्ञापन गर्दै राष्ट्रिय सहमतिको लागि १४ बुँदा प्रस्तुत गर्नुभयो।नेपाली कांग्रेस र स्वयं प्रधानमन्त्रीद्वारा पटक पटक भएका धोकापूर्ण व्यवहारका कारण एमाले लगायत विभिन्न राजनीतिक दलहरूले प्रधानमन्त्रीको ताजा प्रस्ताव प्रति थुप्रै आशंका व्यक्त गरे। तथापि संकटबाट राष्ट्रलाई जोगाउन र जनताको हितको लागि नेकपा (एमाले) प्रधानमन्त्रीले राजीनामा दिएमा नेपाली कांग्रेससंग निम्न बुँदामा सम्झौता गर्न तयार रहेको सार्वजनिक भएको छ।**

१. निष्पक्ष र स्वस्थ निर्वाचनको आधार तयार गर्न आवश्यक सुझाव दिन प्रधानमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय समितिको उपसमितिले दिएको प्रतिवेदनलाई अविलम्ब कार्यान्वयन गर्ने।

२. भूमिसुधारको सम्बन्धमा उच्चस्तरीय भूमिसुधार आयोग (बडाल आयोग) को प्रतिवेदन सार्वजनिक गर्ने र यो प्रतिवेदन समेतको अध्ययन गरी देहायका आधारहरूमा भूमि सम्बन्धी व्यवस्थामा आधारभूत सुधार गर्ने।

क. जग्गाको हदबन्दी घटाउने

ख. प्रगतिशील भूमिकर लगाउने

ग. अनुपस्थित भूस्वामित्वको अन्त्य गर्ने

घ. खण्डीकरण रोक्ने

ङ. हदबन्दीभन्दा बढी जग्गा भूमिहीनको पक्षमा पुन: वितरण गर्ने।

३. भ्रष्टाचार नियन्त्रणको हकमा देहाय बमोजिम गर्ने

क. सार्वजनिक पद धारण गर्ने व्यक्तिको सम्पत्ति विवरण राख्ने, अध्यावधिक गर्ने तथा निरन्तर अनुगमन गर्ने प्रयोजनको लागि कानून बमोजिम यन्त्र बनाउने र कानूनी स्रोत देखाउन नसकिएको सम्पत्तिलाई लिएर आवश्यक कानूनी कारवाहीको व्यवस्था गर्ने।

ख. भ्रष्टाचार तथा आर्थिक विकृति विसंगतिको छानवीन गर्न विभिन्न समयमा संसद तथा सरकारको तर्फबाट बनाइएको आयोग र समितिहरूले प्रस्तुत गरेको प्रतिवेदनहरूलाई अविलम्ब कार्यान्वयन गर्ने।

ग. अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कानूनी रूपमा अधिकार सम्पन्न बनाई प्रभावकारी बनाउने।

४. उद्योग व्यवसाय र पर्यटनको विकास तथा प्रवर्द्धन र लगानीको लागि वर्तमान अवस्थामा देखिएका नीति तथा व्यवहारका नकारात्मक पक्षहरूलाई दृष्टिगत गर्दै उपयुक्त तथा सकारात्मक वातावरण तयार गर्न ठोस कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।

५. प्रहरी, प्रशासन, शिक्षा र संस्थान जस्ता क्षेत्रहरूमा राजनीतीकरण हुन नदिन नियुक्ति तथा बढुवाको कारवाहीलाई निष्पक्ष बनाउने र यसको लागि आवश्यकता अनुरूप कानून बमोजिम प्रहरी सेवा आयोग, संस्थान सेवा आयोग जस्ता निष्पक्ष संयन्त्रको निर्माण गर्ने, संस्थानहरूको कार्यकारी अध्यक्ष तथा कार्यकारी पदाधिकारीको पदमा राजनीतिक नियुक्ति नगर्ने र प्रहरी, प्रशासन, शिक्षा तथा संस्थानको क्षेत्रलाई राजनीतीकरण नगरी निष्पक्ष ढंगले संचालन गर्न आवश्यक कानूनी व्यवस्था गर्ने।

६. लक्षित समूहमा पुऱ्याउने उद्देश्यले राज्यद्वारा संचालित गरिबी निवारणका कार्यक्रमहरूलाई हाल कायम संयन्त्रहरूको पुन:संरचना गरी सरकारी संस्थागत माध्यमद्वारा संचालनको व्यवस्था गर्ने।

७. महिला सशक्तीकरणका लागि देहाय बमोजिम गर्ने :

क. पैत्रिक सम्पत्तिमाथि महिलाहरूको समान अधिकारलाई स्थापित गर्ने संसद समक्ष विचाराधीन विधेयकलाई यसै अधिवेशनमा पारित गर्ने।

ख. महिला विरुद्धको विद्यमान भेदभावपूर्ण कानूनहरूलाई अविलम्ब संशोधन गर्ने।

ग. महिला उत्थान तथा विकासको लागि विशेष कानून तथा विशेष कार्यक्रम बनाई कार्यान्वयन गर्ने।

घ. महिला वेचविखन सम्बन्धी अपराधलाई कडाइका साथ रोक लगाउने।

८. सामाजिक भेदभाव र शोषणको रूपमा रहेको छुवाछुत समस्याको सम्बन्धमा देहाय बमोजिम गर्ने :

क. छुवाछुत समस्यालाई व्यवहारमा समेत समाप्त गर्न ठोस नीति बनाई कार्यान्वयन गर्ने।

ख. संविधानद्वारा निषेधित छुवाछुत जस्तो अपराधमा संलग्न भएको पाइएका व्यक्ति राजनीतिक पद वा प्रशासनिक पदमा कार्यरत रहेको भएमा कानून बमोजिम पदमुक्त गर्न आवश्यक व्यवस्था गर्ने

ग. छुवाछुतको विरुद्ध सशक्त सामाजिक अभियान शुरु गर्ने

घ. छुवाछुत जस्तो सामाजिक भेदभाव तथा शोषणद्वारा पीडित समुदायको हितमा विशेष कानून र विशेष कार्यक्रम बनाई कार्यान्वयन गर्ने।

९. शिक्षा क्षेत्रसंग सम्बन्धित समस्याहरूको सन्दर्भमा विभिन्न समयमा गठन भएका आयोग तथा समितिहरूको प्रतिवेदनहरूलाई सम्बन्धित विशेषज्ञहरू समेतको सहयोग तथा सहभागितामा प्रतिनिधिसभाको सम्बन्धित समितिमा छलफल गरी एकीकृत दृष्टिकोण बनाउँदै यसलाई कार्यान्वयन गर्ने।

१०. राजनीतिक दल संचालनमा अझ बढी उत्तरदायी र पारदर्शी बनाउन संसदमा विचाराधीन सम्बन्धित विधेयकलाई यसै अधिवेशनमा पारित गर्ने।

११. नागरिकता प्रमाणपत्र प्रदान गर्ने विवादको सन्दर्भमा यो समस्यालाई सर्वदलीय सहमतिको आधारमा देश तथा जनताको हितलाई सर्वोपरी राखी अविलम्ब समाधान गर्ने।

१२. कर्मचारी तथा शिक्षकसंग सम्बन्धित पेशागत संघ-संगठनहरूलाई कुनै पनि तवरले राजनैतिक दलको आफ्नो जनवर्गीय तथा पेशागत संगठनको रूपमा आबद्ध नगर्ने र यस सम्बन्धमा विगतमा भए गरेका कमी कमजोरीहरूलाई सच्याउने।

१३. संविधान बमोजिम मान्यता प्राप्त विपक्षी राजनैतिक दलहरू विद्यमान राजनीतिक व्यवस्थाकै अंग भएको र स्वाभाविक रूपमा रहने असहमतिका वावजूद सत्तापक्ष तथा विपक्ष बीच सम्मानजनक सम्बन्ध तथा समझदारी हुनुपर्छ भन्ने मान्यताको आधारमा सरकार र प्रतिपक्ष बीचको परस्पर सम्बन्धलाई निर्देशित गर्न एउटा न्यूनतम आचार संहिता तयार गरी कार्यान्वयन गर्ने।

१४. नेपाल अधिराज्यको संविधान २०४७ ले शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा अधिकार तथा कर्तव्य बाँडफाँड गर्दै मूलभूत रूपमा प्रधानमन्त्रीय व्यवस्थालाई स्थापित गरेको सन्दर्भमा संविधान बमोजिम प्रधानमन्त्री पदको सम्मान तथा गरिमा र यसका अधिकारहरूलाई स्थापित गर्ने।

१५. राज्यद्वारा संचालित सरकारी संचार माध्यमहरू कुनै आग्रहमा आधारित नभई प्रजातान्त्रिक मूल्य मान्यता बमोजिम संचालन हुनुपर्ने भएकोले वर्तमान अवस्थामा महसुस गरिएका कमी कमजोरीहरूलाई सच्याउँदै देहायका आधारहरूमा संचालनको व्यवस्था गर्ने :

क. समाचारको महत्वको आधारमा सम्प्रेषण गर्ने

ख. संसदको गतिविधिलाई महत्वको आधारमा मुख्य समयमा सम्प्रेषण गर्ने र

ग. सरकारी संचार माध्यम अन्तर्गतका कुनै पनि कार्यक्रमहरू सम्बन्धित संस्थाका कर्मचारीहरूबाट संचालन गर्ने।

१६. माओवादी समस्या गंभीर र संवेदनशील भएकोले यसलाई वार्ताको साथै राजनीतिक सहमतिमा आधारित एकीकृत प्याकेज कार्यक्रमको आधारमा अविलम्ब समाधान गर्ने।

१७. राष्ट्रिय हितको रक्षा र सम्बर्धन गर्न परस्पर छलफल गरी सहमतिको आधारमा कार्य गर्ने।

सत्तिघट्टा टि इस्टेट प्रा.लि. द्वारा उत्पादित चिया पिउने
सम्पूर्ण उपभोक्ता वर्गहरुमा
हार्दिक शुभकामना
व्यक्त गर्दछ।
आमोद आचार्य
व्यवस्थापक, सत्तिघट्टा टि इस्टेट
प्रा.लि.,परिवार झापा

हिमाल टि इस्टेट प्रा.लि. द्वारा
उत्पादित चिया पिउने सम्पूर्ण
उपभोक्ता वर्गहरुमा
हार्दिक शुभकामना
व्यक्त गर्दछ।
हिमाल टि इस्टेट प्रा.लि.,परिवार
झापा




## रोमका सम्राट जुलियस सिजरको हत्याकाण्ड

एक सिपाहीबाट सम्राट हुने पहिलो व्यक्ति जुलियस सिजर एक योग्य, साहसी, बलियो, जाँगरिला र दूरदर्शी हुनुका साथै अत्यन्तै लोकप्रिय सम्राट हुन्। सिजरले बुद्धिमानीपूर्वक आफ्ना सहकर्मी, समकालीक र जान्ने बुझ्नेलाई सिध्याउन सफल भए। उनी तब रोमका सर्वेसर्वा भए। उनले रोमन सिनेटको कन्सुलर भएर गणतन्त्रतात्मक पद्धतिको सरकार स्थापना गराए।

सिनेट सदस्य क्यासियस र ब्रुटसले १५ मार्च ४४ मा उनी सिनेट जाँदै गर्दा बाटैमा पछाडिबाट छुरीले घोपी ठहरै पारी हत्या गरे। सिजरले ती दुवै व्यक्तिलाई अत्यन्तै विश्वास गर्दथे र ती दुवै व्यक्तिलाई सिजरका आन्तरिक र बाहय, शत्रु र मित्रको पहिचान रहेकाले त्यस्तो हत्या गर्न सफल भए।

## वेलायतका राजा चार्ल्स प्रथमको हत्या काण्ड

सन् १६२५ मा वेलायतका घमण्डी राजा चार्ल्स प्रथम आफूलाई ईश्वरले शासन गर्न पठाएको देवदूत नै ठान्दथे। चार्ल्स प्रथमले संसद्लाई एकैचोटी भंग गरिदिए। स्कटल्याण्डमा हाल्डेन काण्ड मच्चिएर गृहयुद्ध चल्यो। त्यसै क्रममा मारिनेमा राजाका आफ्नै मानिसहरू पनि मुछिएका देखिएकाले राजाले नै गृहयुद्ध भड्काएको स्पष्ट भयो। वेलायतमा पनि गृहयुद्ध भड्कियो र ६ वर्षसम्म सारा वेलायत हत्यामा मुछियो। रम्प पार्लियामेन्टले गृहयुद्धको मूल तत्त्व खोजी गर्दा पुन: राजा चार्ल्स प्रथम कै संलग्नता पाइएकाले राजालाई पक्राउ गरियो। पक्राउ पछि तीन दिनसम्म केरकार गरेपछि राजाको करतूत प्रकट भएकोले संसद्कै निर्णयानुसार राजालाई टुक्रा टुक्रा पारेर मार्न लगाइयो।



जार परिवार

## रुसको जारशाही

जारशाही राजतन्त्र रहेको अवस्थाको रुसमा अत्यन्त क्रूर ढंगको व्यवस्था संचालित थियो। सो देशका गरीव किसान, मजदुरहरू गुलामको रूपमा रहेका थिए। शासक वर्गलाई दैवी शक्तिको रूपमा व्याख्या गरिने प्रचलन थियो।

यसरी हेर्दा तत्कालीन जार शासकका अन्तिम राजा निकोलस द्वितीयले पनि आफ्ना पुर्खाको जस्तै गरी राज्य संचालन गर्न लागे। उनको श्रीमती जरिनाको ठूलो हैकम थियो। यिनकै आडमा रासपुतिन जस्ता गुण्डा लफंगाहरूले राज्य आतंक पनि मच्चाइरहेका थिए।

रुसको खस्कँदै गएको परिस्थितिमा १९०४ तिर जापानसंग पनि युद्ध भयो र नराम्रोसंग पराजित हुन पुगे। यसबाट जनताको बीचमा केही चेतना जागेर आयो र यो सबको कारण जारसाहीको भ्रष्टाचारी क्रियाकलाप भन्ने आरोप जनताले शासकलाई लगाउन लागे र सत्ता विरोधी आन्दोलनमा प्रवेश गर्न थाले।

विस्तारै आन्दोलनको लहर बढ्दै गयो। यसै सिलसिलामा १९०५ जनवरी २२ तारीखको दिन शान्तिपूर्ण जुलुस माथि जारशाही सरकारले निर्मम दमन गऱ्यो र गोली हानियो। यसक्रम पछि विभिन्न समयमा जारशाही विरोधी आन्दोलनको शुरूवात भयो। मार्क्सवादी सिद्धान्तमा आधारित भएर संघ संगठनहरू खुल्न थाले। मजदुर किसानहरू एकजुट भएर आवाजहरू बुलन्द गर्दै जान थाले। यस स्थितिमा निरंकुश जारशाहीले एक संविधान सभा "दुमा" मा छलफल गर्ने वचन दियो। यो




## सबैभन्दा विश्वासपात्र अंगरक्षकले कविलाको ज्यान लियो

जनवरी १८, २००१। तानाशाह मोवुतु सेसेसेकोले विशेष रूपले बनाएको दरवार, लुइ चौधौंको पालाको जस्तो फर्निचर, ठाउँठाउँमा राखिएका ठूला ठूला ऐना। त्यही ठाउँमा तानाशाह मोवतुलाई कुर्सीबाट मुन्टाएर राष्ट्रपति बनेका, कुनै समयमा क्रान्तिकारी चे ग्वे भाराका साथी समेत रहेका प्रजातान्त्रिक गणतन्त्र कंगोका राष्ट्रपति लरेन्ट कविला सदा झैं व्यस्त देखिन्छन्।

कार्यालय समय शुरू हुनासाथ उच्च अधिकृतसंग उनी एकपछि अर्को मिटिङ गर्छन्। निजी बैठक कोठामा बसेका कविला पहिले अर्थ मन्त्रीलाई भेट्छन्, त्यसपछि कंगो टेलिभिजनका प्रमुख अधिकृतसंग, अनि अर्थ मन्त्रलायका उपमन्त्री इमाइललाई भेट्छन्।

इमाइलसंग कुरा गरिरहेका वेला रसिदी नाम गरेको अंगरक्षक भित्र सदा झैं राष्ट्रपतिको निजी निवास संग जोडिएको ढोकाबाट भित्र पस्छ। कविलालाई थाहा छ, त्यो गार्ड जहिले पनि केही भन्न परेमा त्यही ढोकाबाट आउँछ, राष्ट्रपतिको कानमा खुसुक्क केही भन्छ, अनि राष्ट्रपतिको निर्देशन बोकेर बाहिर निस्कन्छ। ऊ भरपर्दो केटो हो, मात्र २० वर्षको र २ वर्षदेखि राष्ट्रपतिको सुरक्षाको लागि बनाइएको सानो अंगरक्षक समूहको सदस्य हो।

रसिदी फटाफट राष्ट्रपतिको छेउमा आउँछ र उसको मुख राष्ट्रपतिको कानकै नजिक लैजान्छ। राष्ट्रपति मोटासंगको कुराकानी जारी राख्दै पहिले जस्तै उसको कानेखुसीलाई साथ दिन्छन्। टाउको गार्डतिर ढल्काउँछन्। तर गार्डले फुत्त आफ्नो कमरको पेस्तोल निकाल्छ, कसैलाई सोच्ने समेत समय नदिई गोली चलाउँछ। गोली राष्ट्रपतिको बायाँ कानको छेउबाट पस्छ र दायाँ छातीबाट निस्कन्छ। राष्ट्रपति रुख ढले जस्तरी सोफाबाट ढल्छन्, गार्डले फेरि २ चोटी राष्ट्रपतिको पेटमा फायर गर्छ र बाहिर दौडिन्छ।

"राष्ट्रपतिलाई त्यसले गोली हान्यो" कराउँदै मन्त्री मोटा उसलाई लखेट्छन्। अर्को तिरबाट आएको गार्डले रसिदीको बाटो छेक्छ र मेशिनगनबाट परर गोली चलाउँछ। रसिदीको शरीर गोलीले छियाछिया हुन्छ।

यसरी मे १९९७ मा एउटा तानाशाहलाई सत्ताच्युत गर्ने कंगोको मार्क्सवादी राष्ट्रपतिको अन्त्य हुन्छ।

| | |
|---|---|
| **नाम** | : लरेन्ट कविला |
| **जन्म** | : जनवरी १, १९३८ |
| **जन्म स्थान** | : अंकरा, सवा, जायरे |
| **शिक्षा** | : फ्रान्सको विश्वविद्यालय |
| | : चीनको सैनिक विद्यालय (१९६०) |
| | : दारे सलामको विश्वविद्यालय |
| **हत्या** | : जनवरी १८, २००१ |



कुराको बारेमा जनताहरू विश्वस्त हुन सकेनन् र आन्दोलनलाई अगाडि बढाउँदै लगे। अन्त्यमा जारशाहीहरूले उच्च पदस्त कर्मचारीलाई बर्खास्त गर्ने सभा सम्मेलन गर्ने छुट दिने, विस्तृत मताधिकारका आधारमा प्रतिनिधि सभा चुन्ने जस्ता अधिकार दिन बाध्य भयो। यो अधिकारले गर्दा १९१७ मा सम्पन्न क्रान्तिको लागि बाटो खुल्न गयो।

अर्कोतिर पदच्युत गरिएका रुसका जार निकोलास द्वितीय र उनका सम्पूर्ण परिवारजनको एक मामुली बोल्सेविक कार्यकर्ताले १६ जुलाई १९१८ मा माथिको आदेश भनी एकै बिहान हुने गरी हत्या गरे।

# राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक सुनवाइ शुरू गऱ्यो

आवश्यक सेवा संचालन ऐन-२०१४ र मजदुर हडताल विषयमा राष्ट्रिय मानव अधिकार आयोगले यही असार ६ गते ललितपुरमा एक छलफल कार्यक्रम सम्पन्न गऱ्यो।

होटल मजदुरहरूले १० प्रतिशत सेवा शुल्क माग राखी गरेको हडतालमाथि आवश्यक सेवा संचालन ऐन-२०१४ लागू गरी प्रतिबन्ध लगाएको सम्बन्धमा मजदुरहरूको मानव अधिकार हनन भएको छ वा छैन भन्ने बुझ्न उक्त छलफल कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा होटल क्षेत्र अत्यावश्यक क्षेत्र भित्र नपरेको कुरो होटल संघ-नेपाल (हान) का प्रतिनिधि बाहेक सबै सहभागीले ठहर गरे।

मानव अधिकार आयोगका माननीय सदस्यहरू सुशिल प्याकुरेल र कपिल श्रेष्ठको उपस्थिति भएको सो कार्यक्रममा ट्रेड यूनियनका प्रतिनिधिहरू, व्यवसायी संगठनका प्रतिनिधिहरू, सरकारी प्रतिनिधिहरू तथा स्वतन्त्र कानून व्यवसायीहरूको उपस्थिति थियो।

माननीय कपिल श्रेष्ठले भन्नुभयो - यो कार्यक्रम सबै क्षेत्रको विचार बुझ्न गरिएको छलफल कार्यक्रम हो। म भन्छु, होटल क्षेत्रमा १० प्रतिशत सेवा शुल्क लागू हुनुपर्छ। यो संसारमा सबैतिर लागू छ। दक्षिण एशियाका देशहरू श्रीलंका, भारत, बंगलादेश, पाकिस्तानमा पनि लागू नै छ। यसले होटल व्यवसायमा कुनै नकारात्मक असर पर्नेछैन।

छलफल कार्यक्रममा नेपाल ट्रेड यूनियन महासंघ राष्ट्रिय परिषद सदस्य एवं कानून अधिकृत रमेश बडालले यो ऐन लागू गरेर सरकारले मजदुरहरूको मानव अधिकार हनन गरेको कुरामा जोड दिँदै भन्नुभयो- आवश्यक सेवा ऐन पहिले लागू गर्दा त्यसमा सरकारी क्षेत्रका ६ वटा क्षेत्रहरू मात्र उल्लेख थियो। त्यसमा थप्दै थप्दै होटल रेष्टुराँ समेत थपेर १० वटा पुऱ्याएको छ। सरकारले समस्या समाधान गर्न वार्ता गरेर हडताल रोक्नुको सट्टा हडतालमाथि प्रतिबन्ध लगाएर हडताल रोक्ने कार्य गरेको छ। यसभन्दा पहिले बैंकिङ क्षेत्रमा पनि सरकारले यस्तै भूमिका खेलेको थियो। ऐन लागू गर्नुभन्दा अगाडि ती क्षेत्रहरू अत्यावश्यक छ छैन भनेर कतै छलफल गरेको देखिएन।

वहाँले अगाडि भन्नुभयो- हडताल गर्ने मजदुरहरूको सामूहिक सौदावाजीको अधिकार भित्रै पर्छ। सौदावाजी र हडताल एक अर्काको परिपूरक भएको आइएलओले उल्लेख गरेको छ॥ यो आइएलओको अभिसन्धि ९८ संग पनि सम्बन्धित छ जुन नेपाल सरकारले अनुमोदन गरिसकेको छ।

कार्यक्रममा हानका प्रतिनिधि तथा कानून व्यवसायी गान्धी पण्डितले होटल क्षेत्रमा आवश्यक सेवा ऐन लागू गर्न बारम्बार माग गरेपछि मात्र लागू गरेको उल्लेख गर्दै भन्नुभयो- हडतालकै कारणले पूरै राष्ट्र डुब्ने स्थितिमा हानकै मागमा आवश्यक सेवा ऐन लागू गरिएको हो। यसले मजदुरहरूको मानव अधिकार हनन भएको छैन।

गान्धी पण्डितको भनाइप्रति टिप्पणी गर्दै नेपाल ट्रेड यूनियन महासंघका महासचिव विष्णु रिमालले होटल मजदुरहरूको १० प्रतिशत सेवा शुल्कको माग गैर कानूनी नभएको कुरामा जोड दिनुभयो- यो माग २१ वर्ष पुरानो माग हो। यस सम्बन्धमा प्रतिष्ठान स्तरमा पटक पटक सम्झौता पनि भएको छ। हानले नै हडतालमाथि प्रतिबन्ध लगाउने आदेश मागेर हालेको रिटमा पुनरावेदन अदालत ललितपुरले व्यवसायीको विपक्षमा स्पष्ट आदेश दिएको छ। यसै सम्बन्धमा उच्च स्तरको आयोग बनेको र उपप्रधानमन्त्री स्वयंले होटल मजदुरहरूको १० प्रतिशत सेवा शुल्कको माग जायज भएको भन्ने लिखित पत्र छ। यो कसरी गैर कानूनी हुनसक्छ?

कार्यक्रममा बार एसोसिएसनका अध्यक्ष सिन्धुनाथ प्याकुरेलले "वार्ताबाट कुरा नमिलेपछि पीडित पक्षले दवाव दिनु आवश्यक हुन्छ। त्यसैले हाम्रो श्रम कानूनमा मजदुरहरूले अन्तिम हतियारको रूपमा हडताल गर्न पाउने स्पष्ट उल्लेख गरिएको छ।" भन्नुभयो। वहाँले अगाडि भन्नुभयो "यस सम्बन्धमा पुनरावेदन अदालतबाट पनि होटल मजदुरहरूको हडतालमाथि प्रतिबन्ध लगाउन नहुने कुरो स्पष्ट आदेश पनि उल्लेख भइसकेको छ। यस्तो अवस्थामा सरकारले आवश्यक सेवा संचालन ऐन लागू गरेर अदालतको मानहानी गरेको छ।"

नेपाल उद्योग बाणिज्य महासंघका कानूनी सल्लाहकार तथा श्रमविद् पवन ओझाले आवश्यक सेवा संचालन ऐन २०१४ लागू गरिनु हुँदैन भन्ने कुरामा जोड दिँदै भन्नुभयो- श्रम ऐनले मजदुरहरूलाई हडताल गर्ने अधिकार दिएको छ। यसको समाधान पनि श्रम ऐनबाट नै गरिनुपर्छ। १० वर्ष अगाडि देखि आइरहेको होटल मजदुरहरूको यो समस्या चर्किनुमा व्यवसायीहरू नै दोषी छन्। यसलाई प्रतिष्ठान स्तरमा नै समाधान गरिनुपर्थ्यो, राष्ट्रिय समस्या बनाइनु हुँदैनथ्यो।

कार्यक्रममा नेपाल ट्रेड यूनियन कांग्रेसका गणेश निरौला, कानून व्यवसायी हरि उप्रेती लगायतका सहभागीहरूले पनि आवश्यक सेवा संचालन ऐन लागू गरिनु मजदुरहरूको मानव अधिकार हनन हो भन्नुभयो। आयोगले अदालतमा बहस समेत गर्न अनुरोध गरियो। स्मरणीय छ, पुनरावेदन अदालत ललितपुरले होटेल मजदुरहरूको मागप्रति प्रतिबन्ध लगाउने दायर गरेको मुद्दालाई यही २०५८ असार २० गते खारेज गरिदिएको छ।






आज हामी दुई खुट्टाले टेकेर हिंड्छौं। पृथ्वीमा जन्म लिएपछि एक या डेढ वर्षसम्म चार खुट्टाले हिंड्न बाध्य हुन्छौं। त्यसपछि क्रमशः हाम्रो खुट्टाले हातलाई मुक्त गरिदिन्छ र टेक्ने काम एकलौटी रूपमा जिम्मा लिन्छ। पाँच या छ वर्षको हुँदाखेरि हामी दगुर्न थाल्छौं। कलम कापी बोकेर जान्छौं र साथीहरू संग साना भकुन्डा र फुटबल खेल्न थाल्छौं। हामी विस्तारै सामाजिक व्यवहारमा भाग लिन्छौं र परिपक्व मानिसको जमातमा सामेल हुँदै जान्छौं। तर के हाम्रो पुरानो जमानाको मानवलाई यसरी खुट्टाले टेकेर हिंड्न यति सजिलो थियो र? यस सम्बन्धमा हामी वैज्ञानिकहरूकै खोज तर्फ लागौं।

"मान्छेले त्यत्ति छिट्टै दुई खुट्टाले टेकेर हिंड्न जानेको थिएन। शुरू शुरूमा ऊ धरमराएर भद्दा पाइला सार्दै हिंड्दो हो। त्यसवेलाको बाँदर मान्छे कस्तो देखिन्थ्यो? जीवित रूपमा बाँदर मान्छे कतै पनि अस्तित्वमा छैन। परन्तु पृथ्वीमा कतै पनि उसको हाडखोर छैन त।

"पुरातत्त्वविद्हरू जमिन खोतल्न प्रवीण छन्। परन्तु खोतल्नुभन्दा पहिले खोतल्ने ठाउँको निर्क्यौल गर्नु जरुरी हुन्छ। भूमण्डल नै खोतल खातल पार्नु सम्भव हुँदैन। उन्नाइसौं शताब्दीको अन्त्यतिर हेक्केल भन्ने वैज्ञानिकले यस्तो मत व्यक्त गरेका थिए - बाँदर मान्छे अथवा वैज्ञानिक भाषामा पिटेकान्ट्रोपको हाड खोड दक्षिण एशियामा भेट्टाइन्छ कि? त्यो ठाउँ हो जिन्दद्विप समूह।"

"हेक्केलको भनाइलाई अधिकांश मानिसहरूले भरपर्दो ठानेनन्। परन्तु त्यो व्यर्थ भएन। एक जना त्यस्तो मानिस निस्किए जसले आफ्ना सारा कामलाई छोडेर पिटेकान्ट्रोपको हाडबारे खोज्नका निम्ति जिन्दद्विप नेर प्रस्थान गरे। ती थिए डाक्टर सम्गोनी दुबुआ। उनी आम्स्टेर डाम विश्व विद्यालयका शरीर विज्ञानका व्याख्याता थिए।

सामान्य बुद्धि विवेक भएको मान्छे कहिल्यै यस्तो काम गर्न तयार हुने थिएन। सुमात्रामा पुगेपछि दुवुवा पुरै आफ्नो कामतिर लागे उनको निर्देशन अनुसार उत्खननकर्ताहरूले पुरै पहाड खोतल खातल पारे। महिनाहरू बित्दै गए। दुई वर्ष बिते, तीन वर्ष बिते तर हाडखोर कतै फेला परेन।"

दुवुआको ठाउँमा कुनै अर्को व्यक्ति हुँदो हो त उसले निरन्तर खोज कार्यको लत्तो नै छोडिदिन्थ्यो होला सायद दुवुआ पनि कहिलेकाहीं अधीर हुन्थे होला। परन्तु उनी हात हालेको काम त्यसै बीचमा छोड्ने खालका मानिस थिएनन्। उनलाई आफ्नो श्रमशक्तिमाथि पुरा भरोसा थियो र निरन्तरताले दिने परिणाम बारे पनि उनी विज्ञ थिए।

सुमात्रामा पिटेकान्ट्रोपको चिन्ह भेट्टाउन नसकेपछि जिन्दद्विप समूहको अर्को टापु जाभामा उनले आफ्नो श्रमको परीक्षा गर्ने अठोट गरे। अन्त्यमा उनलाई त्यहाँ आफ्नो कठोर श्रमले साथ दियो र उनले निरन्तर मेहनतको परिणाम फेला पारे।

"उनले त्रिलिन भन्ने गाउँ नजिकै पिटेकान्ट्रोपको खप्परको हाड, तल्लो बंगाराको टुक्रा केही दाँतहरू र हाड फेला पारे। दुवुआले भेटिएका हाड खोरको आधारमा आफ्ना पुर्खाहरूको बारेमा सहजै अनुमान लगाए। ऊ अलिक कुप्रिएर, घुँडा पनि केही दोब्र्याएर, लामा हातहरू तल झारेर वनको चउरमा लुखुर लुखुर हिंड्छ। घोप्टिएको आँखीभौंमुनि उसको आँखा तलतिर ताक्तै छन् कतै केही खाने कुरा पो भेट्टाइन्छ कि?"

"यो अब बाँदर हैन साँच्चीकै मान्छे पनि बनिसकेको छैन।" दुवुआले आफ्नो आविष्कारको नाउँ राख्ने निधो गरेर "उभिएर हिंड्ने पिटेकान्ट्रोप" भनी नामाकरण गरे।

उनको खुसीको सीमा थिएन। वैज्ञानिक जगतमा एउटा हलचल आएको थियो। लामो समयदेखि मानव जीवनको बारेमा गरिएको खोजले सार्थकता पाएको थियो। तर अन्धविश्वासले जकडिएको समाजमा विज्ञानले जुन अप्ठ्याराहरू झेल्दै आइरहेको थियो दुवुआका लागि पनि यो खोज उस्तै उस्तै सावित भयो। यो खोजको सफलताले उनले पुरष्कार

पाउनुको साटो तिरष्कार पाए। सजिला दिनहरूको साटो उनका सामु अप्ठ्यारा दिनहरू आए। दशौं वर्ष लगाएर जमिनको बाक्लो तर छेड्न सफल दुबुआलाई मानिसहरूको पूर्वाग्रहको बाक्लो तर छेड्न त्यो भन्दा कठिन भयो।

मान्छेको उत्पत्ति बाँदरबाट भएको हो भन्ने कुरा मान्न त्यो वेलाको पूर्वाग्रही समाज तयार थिएन। उनीहरू यसो गरेर दुवुआले ईश्वरलाई खसालेको वा निन्दा गरेको निष्कर्ष निकाल्थे। यस्ता पूर्वाग्रहीहरूबाट दुवुआले ठूलो विरोधको सामना गर्नु पर्‍यो। उनीहरूले दुवुआलाई अनेक थरीका शंका र उपशंकाको भावले हेर्न थाले उनी सन्देहको घेरामा परे।

दुवुआ सामान्यतया झुक्ने मानिस थिएनन्। जसरी उनले सुमात्रामा जमिनका पत्रहरू खोतल्दा आफ्नो दृढताको परिचय दिएका थिए, त्यसरी नै रुढीग्रस्त मनस्थितिको पक्षलाई तहलगाउने उनले दृढता व्यक्त गरे। दुवुआले दृढतापूर्वक उनीहरूको सामना गरे। उनको खोज विज्ञानको निम्ति कति महत्त्वपूर्ण छ भन्ने कुरा बुझ्नेकाहरूले उनको समर्थन गरे। तर पनि विज्ञानका विरोधीहरूको गलत र भ्रामक प्रचारले पिटेकान्ट्रोपमाथि भने अझै पनि प्रश्न चिन्ह बनिरहयो।

बीसौं शताब्दीको आरम्भतिर एक जना वैज्ञानिक वेइजिङका सडकहरूमा डुल्दै चिनिया औषधिहरू हेर्न एउटा चिनिया औषधालयमा पसे। त्यहाँ तख्तामा अनौठा अनौठा चीजहरू बेच्न राखिएका थिए। हाडखोरको माझमा त्यहाँ वैज्ञानिकले यस्ता दाँतहरू भेट्टाए जसलाई पशुको दाँत भन्न सकिंदैनथ्यो। यद्यपि त्यो आधुनिक मानिसको दाँतभन्दा बेग्लै प्रकारको थियो।

वैज्ञानिकले जिज्ञासापूर्वक ती दाँतहरूको बारेमा खोजी नीति गरे। उनले यी दाँतहरू किनेर युरोपियन संग्रहालयमा पठाइ दिए। ती दाँतलाई चिनिया दाँत भनेर उनीले दर्ता गरे। "ती दाँतहरू फेलापरेको दुई दशक बित्यो अनुसन्धान जारिरहयो। दुई दशकपछि नै अप्रत्यासित ढंगले चीनको जोउ-कोउ-त्यान भन्ने गुफामा यस्तै दाँतहरू फेलापरे।"

"अन्ततोगत्वा ती दाँतहरूका मालिक पनि फेलापरे। जसलाई वैज्ञानिकहरूले सिनान्ड्रोप भन्ने नाउँ दिए। वैज्ञानिकको हातमा एउटा औंला मात्र थमाइ दिनुपर्छ उसले सिंगै मान्छेको आकार बनाइदिन्छ।"

"आफ्नो जीवनको त्यस सुदूर युगमा हाम्रो नायकको रूपाकृति कस्तो थियो? के भन्नु आवश्यक छ भने ऊ त्यतिवेला एकदमै सुन्दर थिएन।" अझ खसोखास भन्ने हो भने तिमी ऊसंग परिवार जस्तो बनेर बस्न तयार हुने थिएनौं र ऊबाट टाढा टाढा नै बस्न रुचाउँथ्यौं होला। यदि त्यसको तिमीसंग जम्काभेट हुँदो हो त तिमी ऊसंग तर्सिएर पर भाग्ने थियौ होला। तिमीले जे गरे पनि यति कुरा चाहिं सम्झी राख्नुपर्छ आजको तिमी आधुनिक मान्छे चाहिं उसैको उपज हो र उसैको संघर्षको फल हौ। अनि तिमीलाई लाग्न सक्छ हामी उसैको परिश्रमको फल हो भन्ने कुरा कसरी थाहा भयो। के सिनान्ट्रोपले श्रमका औजारहरू बनाउन जानिसकेको थियो? वा आगोको उपयोग गर्न थालिसकेको थियो? नत्र भने हामीले के आधारमा उसको बारेमा यसरी निर्धक्कका साथ चर्चा गर्न सक्छौं?

"त्यस प्रश्नको उत्तर हामीलाई चीनको जाउ-कोउ-त्यान गुफाले दिएको छ। उत्खननबाट त्यहाँ हाडखोड मात्र होइन माटोसंगै सरावरी मिसिएको खरानी र ढुंगाका भद्दा औजारहरूको पनि थुप्रो पाइएको छ। औजारहरू दुई हजारमा भन्दा बढी पाइए भने खरानीको पत्र ७ मिटर गहिरो थियो।"

यो माथिको खोजले मानव जगतमा धेरै कुरालाई छर्लंग पारिदियो। अहिलेसम्म मानव संसारको सृष्टिको बारेमा रहेका भ्रमहरूलाई उदांग पार्न यसले ठूलो मद्दत गर्‍यो। दुवुआले सुमात्रा द्विपमा गरेको खोजलाई पनि थप बल प्रदान गर्‍यो। त्यसवेला मानिस कस्तो औजारको प्रयोग गर्दै थियो र एकजुट बनिरहेको थियो भन्ने कुरा पनि यो गुफामा भेटिएका सामग्रीले संकेत गरेका थिए।

दुई हजार औजार र ७ मिटर गहिरो खरानीको थुप्रो यो सामान्य कुरो हैन त्यस जमानामा एक त मान्छेको संख्या नै पातलो थियो होला त्यो पनि घुमन्ते जीवन अनि एकै ठाउँमा यत्रो खरानी र औजार। यसले के जनाउँछ भने लाखौं वर्ष पहिले देखि नै मानिसको संगठित जीवन शुरू भएको थियो र उसले सामान्यतया औजारको प्रयोग पनि गर्न थालिसकेको थियो। मानिसले आफ्नो सुरक्षा र जीवनको लागि औजारहरू बनाउन र एक ठाउँमा जम्मा गर्न पनि थालिसकेको थियो।

के कुराले हाम्रो जंगली पुर्खालाई श्रमका औजार बनाउने र संगठित हुने कुरातर्फ प्रेरित गर्‍यो? आखिर उसले किन प्रकृतिका सबै सीमाहरूको उल्लंघन गर्‍यो र हरेक ठाउँमा स्वागतमको सायनबोर्ड लेखाउन प्रकृतिलाई बाध्य पार्‍यो। एक जना रुसी वैज्ञानिकले यसलाई यसरी उद्धृत गरेका छन्-

"हाम्रो नायकले ढुंगो अथवा घोचो हातमा लियो। यसले गर्दा ऊ तत्कालै सबल र स्वतन्त्र भयो। यसरी आकष्मिकताले परिपूर्ण आफ्नो जीवनको प्रारम्भमा नै मान्छे प्रकृतिमा विद्यमान नियमहरूको उल्लंघनकर्ता बन्यो।"

"प्रकृतिमा जीवजन्तु र वनस्पतिहरू भोजनको सिक्रीद्वारा बाँधिएका थिए। हाम्रो नायक पनि आफ्नो वरिपरिको सम्पूर्ण संसार सित भोजनको सिक्रीद्वारा बाँधिएको थियो। उदाहरणको लागि ऊ वनफल खान्थ्यो भने ढाडे बाघले चाहिं उसलाई आफ्नो आहारा तुल्याउँथ्यो।"

"एकाएक हाम्रो नायकले यो सिक्री चुडाल्ने जमर्को गर्‍यो। लाखौं वर्षसम्म आ-आफ्ना पुर्खाहरूलाई खाने ढाडे बाघको आहारा बन्न पनि उसले अस्वीकार गर्‍यो।"



# बिना पागल ७ वर्षसम्म पागलखानामा बस्ने चन्द्रा गुरुङको कथा

मञ्जु थापा

सन् १९९३ तिर मेरो परिचय चन्द्रा गुरुङसंग दक्षिण कोरियामा सामान्य बोलीचालीबाट भएको थियो। उनी हेर्दा निकै पाको देखे पनि व्यवहारमा सोझी थिइन्। गाउँघरमा प्राय: सधैं गुरुङ भाषा बढी बोल्ने भएकोले होला नेपाली भाषा बोल्न उनलाई असजिलो महसुस भएको थियो। त्यसको केही महिना भित्रै एउटा दुखद घटनाले हामीलाई झस्कायो। त्यो घटना चन्द्रा गुरुङ हराएको थियो। विदेशी भूमिमा एउटी नेपाली चेली हराएको घटनाले त्यहाँ काम गर्ने नेपालीहरू स्तब्ध भएका थिए। चारैतिर चन्द्रालाई खोज्ने क्रम शुरू भयो। दिनहरू क्रमश: बित्दै गए। चन्द्राको धेरै ठाउँमा खोज तलाश गरियो। नेपाली सम्पर्क समिति लगायत त्यहाँका समाजसेवी मिस किम जे गम र उसका साथीहरू लगायत अरू सोसियल वेलफेर अर्गनाइजेसनको प्रयासमा चन्द्रालाई खोज्नेक्रम जारी रह्यो। साथै चन्द्रासंगै बस्ने एउटै कारखानामा काम गर्ने कविता जिसी र अशोक राईलाई समेत पटक पटक सोधपुछ गर्यो। उहाँहरू निदोर्ष भएको कुरा जानकारीमा आयो। विदेशी भूमिमा हाम्रा दाजुभाइ दिदीबहिनीले चन्द्राको लागि जुन सहयोग गरे त्यो निकै ठूलो कुरा थियो। त्यो सहयोगको भावना अमूल्य छ। त्यसलाई हामीले कदर गर्नु पर्छ।

हामीहरू चन्द्राको आगमनको प्रतीक्षामा थियौं। उनी हराएकी त अब ३ वर्ष हुन थाल्यो। तर कतै अत्तोपत्तो छैन। हामी चन्द्राको खोजीमा हिंड्न थाकिसकेका थियौं। हामीहरूको कामना थियो - उनलाई एकदिन अवश्य भेटियोस्। यसरी हामीहरूले चन्द्राको प्रतीक्षा गर्ने बाहेक अन्य विकल्प नै रहेन। धेरै विचारहरू मानसपटलमा घुम्थे। के उनी साँच्चै हराएकी हुन् त? कि चन्द्रालाई अपहरण गरियो? यदि उनलाई अपहरण नै गरिएको हो भने पनि वर्षौं भइसक्यो। किन कुनै खबर छैन? नेपालबाट पनि खबर आइरहन्थ्यो- चन्द्रा नेपालमा पुगेकी छैनन्। के घटना घट्यो होला? यसरी उनी बीचमै किन हराइन्? ती प्रश्नहरूको उत्तर सबै रहस्यमय नै रह्यो।

त्यसपछि पनि दिनहरू बित्दै गए। हप्ता र महिना हुँदै वर्षहरू बिते। तर अफसोच, चन्द्राको कुनै किसिमको खबरहरू हामीले प्राप्त गर्न सकेनौं। अरू केही गर्न नसके पनि हामीले चन्द्राको लागि भनेर केही रकम संकलन गरेका थियौं। सबै साथीहरूले आफूले सकेको मद्दत गरेका थिए। त्यस समयमा कोरियामा नेपालीहरूको स्थिति त्यति राम्रो थिएन। कामको पनि कुनै टुङो हुँदैन थियो। आज यहाँ त भोलि कहाँ हो काहाँ ? स्वयं आफैलाई आफ्नो ठेगाना थाहा हुँदैन थियो। बेला बेलामा प्रहरीबाट समातिने खतरा त छँदै थियो। तर पनि हामी नेपालीहरू भेला र कार्यक्रम गरिरहन्थ्यौं।

१९९५ मा म नेपाल आएपछि मिस किम संग सल्लाह भयो चन्द्राको घर जाने भनेर। हामी एउटा समूह जो कोरियामा काम गर्दा दुर्घटनामा परेर घाइते भएका थियौं, ती साथीहरू सहित चन्द्राको घर घान्द्रुक पुग्यौं। हामीलाई त्यहाँ सम्म पुग्न चन्द्राको मामाले सहयोग गर्नुभयो।

हामीहरू चन्द्राको घर त पुग्यौं। चन्द्राको आमा बाबाले हामीलाई देखेर "मेरो छोरी चन्द्रा खै? चन्द्रालाई के भयो? चन्द्रा किन नेपाल आउँदिनन्? यदि चन्द्रा मरेको हो भने लाश देखा, नत्र चन्द्रालाई ल्याइदे" भन्दै रुन कराउन थाल्नुभयो। त्यसपछि आमाले त मिस किमलाई समाएर एकोहोरो मेरी छोरी ल्याइदे भन्दै रुनुभयो। मिस किम पनि उहाँहरूसंगै रुन थाल्नुभयो। हामीसंग जाने सबैको आँखा आँसुले रसाए। कोही कोही त हुंक्क हुंक्क गर्दै रुन पनि थाले। त्यतिवेलासम्ममा त्यहाँ गाउँका मानिसहरूको भीड हुन थालिसकेको थियो। त्यसै वेला हाम्रै समूहमा आउनुभएका एक जना पाको मान्छे अमृत दाइ र म

एक कुनामा गएर छलफल गर्न थाल्यौं। बुढा भएका आमा बाबुलाई कसरी सम्झाउने?

चन्द्राको विछोडमा हामीहरूको मन रोइरहेको थियो। तर पनि हामीले हाम्रो मन दह्रो पारेर चन्द्राका आमा, बाबा तथा गाउँलेहरूलाई सम्झाउने मनस्थिति बनायौं। हामीहरूलाई निकै अप्ठेरो भइरहेको थियो। हामीले चन्द्रालाई केही नभएको, उसको सामानहरू पनि सबै जस्ताको तस्तै रहेको। उनी कतै गएको हुन सक्ने, कोरियाको कुनै गाउँतिर वा शहर देखि टाढा गएर काम गरिरहेकी हुन सक्ने भन्ने जस्ता सान्त्वनाहरू दिएर उनी एकदिन अवश्य आउँछिन् भन्दै विस्तारै उनी काम गरेको ठाउँबाटै हराइएको कुरा बतायौं। खोज तलाशमा सबै साथीहरूका साथै कोरियाकै समाजसेवीहरू समेत लागिरहेको कुरा पनि बतायौं।

आमाको मन न हो, छोरी आउने बाटो हेरेर बसेकी आमा मुटुको एउटा कुनामा आशाको दियो जलाएर चन्द्रा आउने प्रतीक्षामा थिइन्। हामीहरू त्यस दिन चन्द्राको घरमै बास बस्यौं। हामीहरू गएकोमा छोरी आए जस्तो लाग्यो भन्दै आमाले कहिले चन्द्राले बुनेको गलैंचा देखाउँथे, कहिले चन्द्राको बारेमा पुराना कुराहरू गर्थे। र बारम्बार उहाँले दरो आत्माविश्वासका साथ छोरी आउँछिन्, म उनैको पर्खाइमा छु भनिरहनुहुन्थ्यो।

हामीहरूले चन्द्राको आमालाई जुन स्थितिमा पायौं त्यो अवर्णनीय थियो। हामीले आमालाई चन्द्राको खोजीमा साथीहरूबाट जम्मा गरेको बाँकी केही रकम बुझायौं र त्यहाँबाट हतार-हतार बिदा मागी पोखरा आयौं। आउने बेलामा आमाले अब आउँदा चन्द्रालाई लिएर आउनु भन्नुभयो। साथै यो चन्द्राले बुनेको गलैंचा हो भनेर हामीलाई उपहार दिनुभयो।

त्यसपछि मिस किम कोरिया फर्किन्। त्यहाँ फेरि व्यापक खोजी भयो। धेरै समयसम्म कुनै नयाँ खबर थाहा भएन। मिस किम फेरि पनि नेपाल आउनुभयो। तर उनले चन्द्राको घर जाने हिम्मत गरिनन्। मलाई माफ गर्नु आमा भनेर उनी काठमाण्डौबाटै कोरिया फर्किन्।

त्यसपछिका दिनहरूमा हामीहरू बीच सामान्य छलफल हुने गर्दथ्यो। चन्द्राको व्यापक खोजी हुँदैछ भन्ने सुन्थें। तर खै त चन्द्रा ? वर्षौं हुँदा सम्म पनि किन चन्द्राको पत्तो हुन सकेन? यी सवालहरूले गर्दा मन भित्र अनेकौं कुराहरू सलबलाउँथ्यो। फेरि उनी आउने आशलाई सम्झेर त्यो दिनको कामना गर्दथ्यौं।

सन् १९९९ तिर मेरो एक जना कोरियनसंग भेट भयो। कुराकानी गर्दै जाँदा उसले नेपाली एकजना महिला हराएको थियो नि उ त फेला पऱ्यो भनी सुनायो। म एक्कासी झसंग भएँ। कहिले? काहाँ? कसरी? उनले मेरा सबै प्रश्नहरूको उत्तर विस्तारै दिए। तर उसले एउटा अर्कै कथा सुनायो। उसलाई समुद्रको किनारमा माछा मार्ने माझीहरूले समातेर बाहिर हिंड्डुल गर्न जान नदिई त्यहीं काम लगाएर राखेको रहेछ। लगातार ७ वर्ष बाहिर कतै सर्म्पकमा नआएकोले उनले नेपाली भाषा पनि बोल्न सक्दिनन्। अब उनी छिट्टै नेपाल आउँदैछिन् भनेर सुनायो। त्यो कुरा सुनेर मलाई एकदैम खुसी लाग्यो। त्यो एउटा आश्चर्यको कुरा पनि थियो। यतिका वर्ष सम्म कहाँ हराएकी रहेछिन् ? कसरी फेला परेछ भन्ने उत्सुकता भयो।

त्यसको केही दिन लगत्तै कोरियाबाट मिस्टर किम डोङ नेपालमा आउनुभयो। उहाँसंग मेरो भेट भयो। चन्द्रको बारेमा उनले भनेका कुरा सुनेर म झन् अचम्म भएँ। किनभने चन्द्रा त सात वर्षसम्म कोरियाको पागलखानामा बसेको रहेछ र कोरियन डाक्टरहरूको सहयोगले चन्द्रा बाहिर आएको रहेछ।

आइतबारको दिन बिदा हुन्छ। बिदाको दिन कारखानाभित्र खानाको व्यवस्था गरिँदैन। त्यसैले उनी बिदाको दिन बिहानको खाना खानको लागि केही रकम लिएर रेष्टुराँ गएकी रहेछिन्। खाना खाएपछि पैसा तिर्ने वेलामा उनले खल्ती छाम्दा आफूसंग भएको पैसा हराएको थाहा पाइन्। त्यसवेला उनले रेष्टुराँको मालिकलाई नेपाली भाषामा म नेपाली हुँ, मेरो पैसा हरायो। एकछिन पछि ल्याइदिन्छु भनेर रुन कराउन थालिन्। रेष्टुराँ मालिकले बुझ्दै नुबझी यसले बोलेको भाषा पनि बुझ्दैन, खाएको पैसा पनि तिर्दैन भनेर पुलिस बोलाएर जिम्मा लगाइदियो। पुलिसले चन्द्रालाई पागल भनेर पागलखानामा भर्ना गरी छोडेछ। त्यसपछि चन्द्राको जिन्दगी अँध्यारो कोठामा पागलहरूसंग बित्ने क्रम शुरू भएछ। उनलाई दिनहुँ पागलहरूले प्रयोग गर्ने औषधि खान दिएछन्। यसरी पागल नै नभई पागलहरूको संगत गर्नु अर्कोतिर पागलहरूको लागि प्रयोग गरिने विभिन्न किसिमका औषधिहरू दिइनुले उनको स्वास्थ्यमा दिनपरदिन असर पर्दै गयो। उनी पागलहरूसंग पागलहरू जस्तै हिंडेको हिंड्यै गर्न लागिन्।

यसरी चन्द्राले पागलहरूसंग घुलमिल गरेको वर्ष दिन बित्यो। एक दिन एक जना डाक्टरले उनलाई उक जना साथी भेटाउन ल्याएछ। तर त्यो साथी पनि चन्द्राले बोलेको भाषा नबुझेकोले गर्दा उसले पनि कुन देशको हो भनेर छुटाउन सकेन। फेरि उही दिनहरू चन्द्राको अगाडि तेर्सिए। यसरी उनले कोरियन डाक्टरहरूको असक्षमता कारण ७ वटा वर्षहरू बिताइन्।

उनी अब छिट्टै नेपाल आउँदैछ बल्ल हामीलाई अलि आश लाग्यो। कोरियामा सँगै बसेका साथी भाइहरूलाई चन्द्रा फेला परेको कुराका साथै उनी नेपाल आउँदैछिन् र उनी सामान्य स्थितिमा भएको जानकारी गराएँ। यसरी हामीले खुसी बाँड्यौं।

चन्द्रा त फेला परिन् तर पनि भित्री हृदय देखि कोरियन डाक्टरहरूसंग रिस उठ्थ्यो। यस्तो अमानवीय व्यवहार र सत्य कुराको पत्ता नलगाइकन एउटा सद्दे मानिसलाई पागलको संज्ञा दिने? त्यो कस्तो ठाउँ हो? यो त मानवअधिकारमै प्रश्न चिन्ह लाग्यो। यो त अन्याय भयो, त्यति मात्र होइन यो त अमानवीय र लाजमर्दो कुरा पनि हो। जसले पागल र अन्य मानिसमा फरक देख्दैन।

अब त चन्द्रा पनि नेपाल आइसकिन्। विभिन्न पत्र पत्रिकाले चन्द्राको बारेमा समाचारहरू लेखे। एउटा प्रश्न उठिरहयो चन्द्राले भोगेको दुःख र उ पागल नभई पागलखानामा बिताएका पलहरू र उसले भोगेका शारीरिक र मानसिक यातनाहरूको क्षतिपूर्ति खै त? के चन्द्राले उनीहरूबाट भएको

# बाँधा श्रम सम्बन्धी दक्षिण एशियाली परामर्श बैठक

**जेठ ३-४, २०५८, काठमाडौं**




दक्षिण एशियाली मुलुकहरूमा बाँधा श्रम र अन्य रूपका बाध्यकारी श्रममा ठूलो संख्यामा पिसिइरहेका पुरुष, महिला र बालबालिकाको अवस्थाबाट चिन्तित हुँदै दक्षिण एशियाली मुलुकहरूमा ऋण बन्धन र बाध्यकारी श्रमका अन्य रूपहरू सामन्ती अवशेष मात्र नभएर विकसित बजार अर्थतन्त्रको पोकोभित्र एक भाग बनेर समेत विभिन्न स्वरूपमा देखिएको तथ्यलाई आत्मसात गर्दै दक्षिण एशियाली मुलुकहरूमा ऋण बन्धन र बाध्यकारी श्रमका अन्य रूपहरूमा रहेका समानताहरूलाई महसुस गर्दै दलित र पिछडिएका जातीय समूह, आदिवासीहरू, धार्मिक अल्पसंख्यकहरू महिलाहरू, बालबालिकाहरू, आप्रवासी र करार-श्रमिकहरू जस्ता समाजका उत्पीडितहरू माथि बाध्यकारी श्रमको मुख्य असर परिरहेको सत्य तथ्यलाई आत्मसात गर्दै बाध्यकारी श्रमको उन्मूलनका लागि दक्षिण एशियाली देशका सरकारहरूले अघि बढाएका कानूनी र प्रशासनिक उपायहरू अपर्याप्त रहेको तथ्यमा सरोकार राख्दै दक्षिण एशियाली मुलुकहरूमा ऋण बन्धन र बाध्यकारी श्रमका अन्य रूपहरू विरुद्ध पीडितहरूलाई एकताबद्ध गरी परिचालन गर्न अनौपचारिक क्षेत्रमा ट्रेड युनियनहरूको संलग्नतामा जोड दिँदै ट्रेड युनियन गतिविधिहरूलाई झन तीव्र पार्नु पर्ने आवश्यकता महसुस गर्दै नेपाल, पाकिस्तान र भारतका प्रमुख राष्ट्रिय ट्रेड युनियन केन्द्रहरू र श्रम सहयोगी संगठनहरूले सन् २००१ मे १६-१७ मा काठमाडौंमा आयोजित "ऋण बन्धनबारे दक्षिण एशियाली परामर्श बैठक" बाट हरेक देशका २/२ जना रहने गरी "बाध्यकारी श्रम विरुद्ध अभियानका लागि दक्षिण एशियाली समन्वय निकाय" बनाउने तय गरेका छौं। बाँधा श्रम विरुद्ध दक्षिण एशियाली अभियानको ३ वर्षे समयबद्ध कार्यक्रम संचालन गर्ने उद्देश्यका साथ शुरूमा समन्वय गर्ने सचिवालयको जिम्मा जिफन्ट नेपाललाई दिएका छौं।

यो परामर्श बैठक श्रीलंका र बंगलादेशका ट्रेड युनियन केन्द्रहरूलाई यी सबै गतिविधिको जानकारी दिई समन्वय निकायमा सामेल हुन निम्ता गर्दछ।

यो परामर्श बैठक २ डिसेम्बर - संयुक्त राष्ट्र दिवस देखि १० डिसेम्बर मानवअधिकार घोषणा दिवससम्म एक हप्ता "बाध्यकारी श्रम विरुद्धको सप्ताह" मनाउने निर्णय गर्दछ।

यो परामर्श बैठक उपयुक्त राष्ट्रिय र अन्तरराष्ट्रि मञ्चहरूमा आइएलओ अभिसन्धिको एकै खाले उल्लंघन विरुद्ध संयुक्त रूपले मुद्दा हाल्ने तय गर्दछ।

यो परामर्श बैठक आइएलओका आधारभूत अभिसन्धिहरूको अनुमोदनको माग गर्दछ र सबै दक्षिण एशियाली सरकारहरूलाई मूलभूत श्रमस्तरबारे उनीहरूले अन्तरराष्ट्रिय मंचहरूमा व्यक्त गरेका प्रतिबद्धतालाई पूरा गर्न समेत माग गर्दछ।

यो परामर्श बैठक बाध्यकारी श्रमबारे सार्क-घोषणापत्र जारी गराउन अभियान संचालन गर्ने निर्णय गर्दछ।

यो परामर्श बैठक सान्दर्भिक र उपयुक्त राष्ट्रिय मंचहरूबाट राष्ट्रिय न्यूनतम ज्याला, सामाजिक सुरक्षा व्यवस्था र प्रभावकारी भूमिसुधारका लागि अभियान गर्न अनुरोध गर्दछ र बाँधा अवस्थामा फस्न सक्ने अनौपचारिक क्षेत्रका श्रमिकहरूको आवश्यकतालाई ध्यानमा राखी अभियान सामग्री तयार गर्ने आग्रह गर्दछ।

यो परामर्श बैठक बाध्यकारी श्रम सम्बन्धी मूलभूत आइएलओ अभिसन्धिहरूको कार्यान्वयन, अनुगमन र प्रतिवेदन सम्बन्धी आइएलओका प्रणालीमा पनि ट्रेड युनियनहरूबाट अझ सक्रिय भूमिकाको लागि आव्हान गर्दछ।

---

एउटा डरलाग्दो गल्तीलाई पनि सहिन्? होइन, तर त्यसको क्षतिपूर्ती दिलाउनको लागि हामीहरूले आफ्नो ठाउँबाट सक्दो सहयोग गर्नुपर्छ। चन्द्राले पाएको अमानवीय यातनाको विरुद्धमा आवाज उठाउनु पर्छ। चन्द्राको न्यायको लागि हामीहरूले आ-आफ्नो ठाउँबाट सम्बन्धित निकायमा पहल गर्नुपर्छ।

चन्द्रालाई एक पल्ट तपाईंहरूले सम्झनुस्- जसले विना कारण पागलखानामा ७ वर्ष बिताएका थिए। हामीलाई कल्पना गर्न समेत कहाली लाग्छ। तर उसले कसरी पागलहरूसंग ७ वर्ष बिताएकी होलीन्। उनले कति मानसिक र शारिरीक तनाब भोग्नुपर्यो होला। के तपाईंहरू कल्पनासम्म गर्न सक्नुहुन्छ? के तपाईंहरू पागल नभईकन १ दिन मात्र पनि पागलखाना बस्न सक्नुहुन्छ?

यो तपाईंहरू समक्ष चन्द्राको बारेमा जानकारी दिने एउटा सानो प्रयास मात्र हो। यो पढ्दा हामीलाई कथा जस्तो लाग्न सक्छ। तर यो वास्तविक घटना हो। वैदेशिक रोजगारमा लागेका लाखौं नेपालीले यस्तै अनेकन् कष्टहरू भोगेर विदेशी भूमिमा प्रवाशी जीवन बिताइरहेका छन्। कैयौं विनाकारण जेल, पागलखाना वा अन्य कालो कोठामा अमानवीय जीवन बिताउन बाध्य भइरहेका छन्। यस्ता हजारौं चन्द्राको कथा हामीले अझै खोजी गर्नुछ। कोरियामा घटेको यो चन्द्राको कथा त एउटा सानो घटना मात्र हो।

# आफ्नै साथीबाट मारिएका एक युवा क्रान्तिकारी राष्ट्रपति

# थोमस संकरा



जसले १२ वर्षको फुच्चे उमेरमा तालिमको लागि फ्रेन्च उपनिवेश अपर भोल्टाबाट सन् १९७० मा माडागास्करको सैनिक विद्यालयमा भर्ना भयो। उनले अपर भोल्टाको सेनाको अधिकृतको लागि तालिम लिने क्रममा राजनीतिक विचार तथा विकास सम्बन्धी विश्वका अनुभव जान्ने मौका पायो। २ वर्षपछि ऊ माडागास्करमा रहने क्रममा मे १९७२ मा भएको दशौं हजार मजदुर तथा विद्यार्थीको प्रदर्शनबाट देशको सत्ता ढलेको पनि उसले देख्यो। र, पछि फ्रान्स प्रवासकै क्रममा उसले विभिन्न वामपन्थी धाराका राजनीतिक व्यक्तिहरूका विचार सुन्ने-बुझ्ने अवसर पायो।

उ थोमस संकरा थियो, हाल बुर्किना फासो नामले चिनिने देशको युवा राष्ट्रपति। जसले अफ्रिकाको त्यो सानो देशलाई मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा साम्राज्यवादको विरुद्धको युद्धमा होम्ने अठोट गरेको थियो।

संकरा १९७४ डिसेम्बरमा अप्पर भोल्टामा फर्किनासाथ छिमेकी देश मालीसंग सीमा युद्ध भयो। यो युद्धले संकरालाई प्रसिद्ध बनायो। उनलाई देशवासीहरूले राष्ट्रिय हिरोको रूपमा तारिफ गरे। त्यो युद्धको कमान्डर हुँदा उनी २५ वर्षका मात्र थिए। यद्यपि पछि त्यो

युद्धलाई संकरा आफैंले "अन्यायी र वेकार" को युद्ध भनेका थिए।

सन् १९८३ मा संकरालाई राष्ट्रपति जिन वाटटिष्ट उड्रागोको सैनिक सरकारले प्रधानमन्त्री नियुक्त गऱ्यो। संकराले आफ्नो पदलाई साम्राज्यवादको विरुद्ध अपर भोल्टाका जनतालाई गोलबन्द गर्न र देशी-विदेशी शत्रुबाट जनताको हित रक्षा गर्न प्रयोग गर्न थाले। यस कामको लागि क्रान्तिकारी जुनियर सैनिक अधिकृतको सहयोग उनले प्राप्त गरे। यसरी सरकार भित्रै साम्राज्यवाद विरोधी र साम्राज्यवाद पक्षधर दुई समूह बीच झगडा शुरू भयो। यसैको नतिजा स्वरूप मे १७, १९८३ मा उनलाई प्रधानमन्त्री पदबाट हटाई नजरबन्द गरियो।

तर यिनको गिरफ्तारी विरुद्ध हजारौं युवाहरू मैदानमा उत्रिए। उनीहरूले संकराको रिहाइको माग गर्दै प्रदर्शन गरे। संकराका एक जना मिल्ने साथी क्याप्टेन ब्लेज कोम्पाओरे थिए। उनले घानाको सीमा नजिक विद्रोही सैनिकहरूको तालिम केन्द्र खोले। थुप्रै युवाहरू त्यही तालिम केन्द्रमा सामेल हुन थाले।

अगस्त ४ का दिन संकराका यिनै समर्थक विद्रोहीहरूले उड्रागोको सैनिक शासन अन्त्य गर्ने उद्देश्यले कार्वाही शुरू गरे। केवल २५० सैनिक जवानहरूले राजधानी उगाडाउगोमा धावा बोले। उनीहरूले संकरालाई मुक्त गरे। झट्ट हेर्दा सडक नाटक जस्तो लाग्ने यो घटनासंगै विद्रोहीहरूले रेडियो स्टेसन कब्जा गरे।

सैनिक सत्ता अन्त्य भएको घोषणा भयो। संकरा क्रान्तिकारी राष्ट्रिय परिषदको अध्यक्ष घोषित भए। हजारौं नागरिकहरू भोलिपल्ट बिहान उत्सव मनाउन सडकमा निस्किए।

अगस्त ४ का दिन के भयो? दुनियाले त्यति चासो राखेन। "अपरभोल्टामा बितेका १७ वर्षदेखि सैनिक विद्रोह हुँदै आइरहेकोले एउटा थप विद्रोह भएछ"- उनीहरूले यस्तै ठाने। थोमस संकरा पश्चिम अफ्रिका बाहिरको विश्वका लागि अपरिचित नै थिए। तर ३३ वर्षे युवा संकराको विद्रोह काफी क्रान्तिकारी थियो। उनले देशको नाम फेरेर बुर्किना फासो राखे। यसको अर्थ हो निडर नागरिकको भूमि।

बिल्कुल संकरा जस्तै नाम। उनी वास्तवमा निडर मात्रै थिएनन्, बुर्किना फासोका लागि एक स्वप्न द्रष्टा समेत थिए।

संकराको सरकार पहिलो वर्षमै चर्चामा आउन थाल्यो। "ए गाँठे, त्यहाँ के हुन थाल्यो?" विश्वले चासो राख्न थाल्यो। थुप्रै क्रान्तिकारी सोच भएको मानिसहरूले भने त्यहाँको गतिविधिको समर्थन गर्न थाले। त्यहाँको क्रान्तिकारी वेगले बाँकी दुनियको सामु विश्वको एउटा गरीब देशलाई परिचित तुल्यायो।

सत्तामा आउनासाथ उनले आफू सहित उच्च पदका अधिकृतहरूका तलब घटाए। सार्वजनिक सेवामा लगानी गर्न विलासी सरकारी कारलाई चिठ्ठामा राखे। उनी महिला मुक्तिका प्रखर प्रवक्ता थिए, त्यसैले बुर्किना फासोको इतिहासमा पहिलो पल्ट ५ जना महिलालाई मन्त्री बनाए। महिला अत्याचार विरुद्ध अभियान नै छेडे र नयाँ पारिवारिक कानून बनाए।

१९६० मा औपचारिक घोषणा नहुँदा सम्म फ्रेन्च उपनिवेश अन्तर्गत अपरभोल्टाले आधुनिक साम्राज्यवादी शोषण उत्पीडनको पीडा भोगिरहेको थियो। क्रान्तिको समयमा ७० लाख जनसंख्या भएको त्यो देशका ९० प्रतिशत जनता गाउँका गरीब थिए। उपनिवेशवादी सरकारलाई व्यक्तिको टाउकाको कर तिर्नुका साथै त्यहाँका जनताले गाउँका मुखियाको लागि सित्तैंमा र अनिवार्य काम गर्नुपर्थ्यो। १९७० सम्म त जनतामा व्यापक गरिबी र भोकमरी थियो।

बुर्किना फासोको श्रमिक वर्ग २० हजार कारखाना मजदुर सहितको छ। ससाना घरेलु प्रकृतिका उद्योग बाहेक आधुनिक उद्योग बाहेक आधुनिक ठूला उद्योग यहाँ छैन भन्दा पनि हुन्छ। विद्यमान केही टेक्सटायल उद्योग, साइकल कारखाना, चिनी मिल, साबुन कारखाना र अन्य केही हल्का उद्योगलाई अपवादका रूपमा मात्र लिन सकिन्छ। निर्माण, यातायात र सार्वजनिक सेवामा १० हजार कामदार कार्यरत छन् भने लगभग ४० हजार सरकारी कर्मचारी, शिक्षक र अन्य कामदारहरू छन्।

साम्राज्यवाद विरोधी यो जनवादी क्रान्तिसंगै जोडिएर पहिलेको दुख, शोषण र उत्पीडन पनि आयो। संकराले नेतृत्व गरेको क्रान्तिकारी सरकारको सामुन्ने अनगिन्ती समस्याहरू थिए तर समाधानका बाटा पनि खोलिंदै थिए। तीन प्रमुख आदिवासी भाषामा साक्षरता अभियानका साथै "क्रान्ति रक्षा कमिटी" ले आम रूपमा खोप लगाउने, सिचाइ परियोजना, स्कूल र सडक निर्माणमा व्यापक जनपरिचालन शुरू गऱ्यो। महिला, युवा, र वृद्धहरूको संगठन निर्माण गरियो।

किसानको उपजको मूल्य बढाइयो, वृक्षारोपण शुरू गरियो। प्रत्येक व्यक्तिमाथि लगाइएको कर प्रथा हटाइयो। गाउँका मुखियाको लागि सित्तै काम गर्नुपर्ने थितिमाथि प्रतिबन्ध लगाइयो। माटो र त्यसको उपजमाथि किसानको पहुँच पुग्ने गरी जमिनलाई राष्ट्रियकरण गरियो। आधारभूत स्वास्थ्य सेवा लाखौं व्यक्तिलाई उपलब्ध गराइयो। यसको परिणाम नाटकीय ढंगले २ वर्ष बीचमै शिशु मृत्युदर घट्न गयो।

संकरा सरकारले आफ्नो परराष्ट्र नीति पनि परिवर्तन गऱ्यो। यसले क्युवा, लिबिया, निकारागुवा, उत्तर कोरिया जस्ता देशसंग मित्रता जोडेर आफूलाई पूर्णतः वामपक्षको क्याम्पमा सामेल गऱ्यो।

संकराले बुर्किनावे जनतालाई सामाजिक-राजनीतिक परिवर्तनको नेतृत्व गर्न र सरकारी अधिकारी तथा

कर्मचारीतन्त्रको साधन नबन्न आव्हान गरे।

१९८७ अगस्त ४ मा क्रान्तिको चौथो वार्षिकोत्सव मनाउने क्रममा संकराले व्याख्या गरे( "नयाँ समाजको लागि हामीलाई नयाँ मानिस चाहिन्छ। आफ्नै परिचय भएका त्यस्ता नयाँ मानिस मात्र आफूद्वारा, आफैले तय गरेको लक्ष्यप्राप्तिमा अधिबद्धन सक्छन्। ४ वर्षको अनुभवमा हाम्रा जनता त्यस्ता नयाँ मानिस प्रमाणित भइरहेका छन्।

"हामीले यो अनुभवको मुख्य पाठ ग्रहण गर्नुपर्छ।" संकराको भनाइ थियो- "जनवादी क्रान्तिको लागि प्रतिबद्ध र विश्वस्त मानिस चाहिन्छ, शासित मानिस होइन। त्यस्ता मानिस जो साँच्चै प्रतिबद्ध छ -पराजित वा निस्कृय रुपमा घिसारिएको जत्था होइन।"

संकराले पूर्णत श्रमजीवी वर्गीय र मुक्तिकामी जनताको पक्षमा आफूलाई खडा गरे। उनले निकारागुआको शान्तिपूर्ण बाँच्न पाउने अधिकारको वकालत गरे। उनले रंगभेदवादी दक्षिण अफ्रिकी सरकारसंगको सबै सम्बन्ध तोडे, अफ्रिकी नेशनल कांग्रेसप्रति पूर्ण समर्थन जाहेर गरे। पश्चिमी सहाराको मुक्तिको पक्षमा बोले, प्यालेस्टाइन मुक्ति संगठनको पक्षमा र न्यु क्यालेडोनियाको मुक्तिको लागि बोले। उनले बुर्किना फासो र छिमेकी देश घाजा बीचको दह्रो सम्बन्धको पक्ष पोषण गरे।

संकराले सार्वजनिक रुपमै क्युवाको क्रान्ति र कम्युनिस्ट नेतृत्वको मुक्त कण्ठले प्रशंसा गरे। आफ्नो ४ वर्षे शासन अवधिमा २ पटक त उनले क्युवाको भ्रमण नै गरे।

"जनताको हितमा आफ्नो जनताको लागि अमूल्य योगदान गर्ने, हाम्रा देशहरुसंग अन्तरराष्ट्रिय सम्बन्ध विस्तार गर्ने, मर्यादा र सम्मान वा साम्राज्यवाद, उपनिवेशवाद, नव उपनिवेशवादको थिचोमिचोका विरुद्ध संघर्षमा संलग्न र साँचो अर्थमा राष्ट्रिय मुक्तिका लागि लड्नेहरुका लागि यो सानो तर उच्च सम्मान हो। तपाईं कमरेड थोमस संकरामा यी सबै गुणहरु छन्।" फिडेल कास्त्रो सहितको उपस्थितिमा सन् १९८४ मा क्युवाको सरकारको तर्फबाट होसे मार्टी पदकबाट विभूषित गर्ने क्रममा क्युवाको कम्युनिस्ट पार्टीका पोलिटव्यूरो सदस्यले व्यक्त गरेको भावना संकराको ठ्याक्कै मिल्ने तस्वीर हो।

१९८४ मा संयुक्त राष्ट्रसंघको मुख्य कार्यालय न्यूयोर्क शहरमा संकराको भाषण सुन्ने जो कोही रोमाञ्चित भए। यस्तै भाषण सन् १९८६ मा १८० जना विदेशी प्रतिनिधि र २ लाख जनता बीच साण्डानिष्टा राष्ट्रिय मुक्ति मोर्चा स्थापनाको २५ औं दिवस र संस्थापक नेता कार्लोस फोन्सेकाको मृत्युको १० वर्षको सन्दर्भमा गरेका थिए।

लाखौं अफ्रिकी युवाहरु संकराको भौतिक तथा नैतिक भ्रष्टाचार विरुद्धको तीखो आक्रमण, उत्पीडित जनताको पक्षमा रहेको स्पष्ट अडान र क्रान्तिप्रतिको उनको उच्च विश्वासबाट प्रभावित भए। छोटो समयमा उनी सिंगो अफ्रिका र लेटिन अमेरिकाका युवा बीच चेग्वे भारा जस्तै परिचित हुन पुगे।

संकराले शर्त सहितको विश्व बैंकको ऋणलाई लत्याइ दिए। साम्राज्यवादी दमन र नव उपनिवेशवादी शक्ति विरुद्ध लड्ने किरिया नै खाए। उनको यही अडानले संकराले भने जस्तै - ठूला, मोटा र ठिक्कका वुर्जुवाहरु वुर्किनावे महाजन र व्यवसायीसंग मिलोमतो गरी उद्योगधन्दा देश बाहिर लैजान थाले। उनको यो कडा अडान कै कारण देशको उद्योग बन्द हुन थाल्यो। गाउँका मुखियाहरुले ग्रामीण सामन्तवाद अन्त्य गर्ने र पितृसत्ता समाप्त पार्ने राष्ट्रपति संकराको अनुरोधलाई टेरेनन्। विरोधीका विरुद्ध आगो ओकल्ने उनको शैलीलाई आधार बनाई वैरीहरुले उनको विरुद्ध षडयन्त्रको तानाबाना बुन्न थाले। यहाँसम्म कि मजदुरहरु हडतालमा उत्रिए र यूनियन उनको विरुद्ध उभियो।

"मेरा मित्रबाट बचाइदेउ प्रभु, शत्रुलाई त म आफै तह लगाऔंला।" नेपालका थुप्रै ट्रकहरुको बडीमा लेखिएको यो उक्ति संकराको जीवनमा रुपान्तरित हुन पुग्यो। संकराका आफ्नै मान्छे, उनको घनिष्ट साथी, क्रान्तिकारी परिषदका सदस्य क्याप्टेन ब्लेज कोम्पाओर र उनी प्रति वफादार सिपाहींको ले अक्टोवर १५, १९८७ मा उनको निर्मम हत्या गरे। संकराको हत्याको क्रममा १२ जना उनका अन्य सहयोगीको पनि ज्यान गयो। भोलिपल्ट बिहान हजारौं युवाहरुले प्रदर्शन गरे। उनीहरु संकरा र उनका हत्या गरिएका कमरेडहरुलाई हतार हतार समाधिस्त गरिएको चिहानमा जम्मा भए। उनीहरुले चिहानमा आआफ्नो हातले लेखे- "हामी सबै संकरा हौं" र "संकराको गद्दारहरुबाट कायरतापूर्वक हत्या भयो।"

आफ्नो हत्याको १ हप्ताअघि चे ग्वे भारा हत्याको पच्चिसौं जयन्तीको अवसरमा उनले भनेका थिए - "यदि तिमीले संकरालाई मार्‍यौ भने भोलि २० जना संकरा जन्मिनेछन्।" संकराले निश्चयन नै आफ्नो जीवनमाथि र अक्टोवर १९८३ को क्रान्ति माथि मडारिरहेको खतराको भविष्यवाणी गरेका थिए।





# नेपाली कांग्रेसको नीति जस्तै दिशाहिन बजेट

## जिफण्टको बजेट प्रतिक्रिया

अर्थमन्त्री डा. रामशरण महतले यही २०५८ असार २५ गते संसदको दुवै सदनको संयुक्त वैठकमा प्रस्तुत गर्नुभएको आ.व. २०५८।५९ को बजेट विगतका बजेटभन्दा ठूलो आकारमा देखिएको छ । प्रस्तुत बजेटले नेपालको चुनौतीको रुपमा सबैभन्दा ठूलो गरीबीलाई लिएको छ । अर्थ संरचनाका चुनौतीहरु सामना गर्न सबैको साझा प्रयास आवश्यक हुने, १।२ वर्षको बजेटले मात्र सुधार ल्याउन नसक्ने, राष्ट्रिय सहमतिको आधारमा शान्ति सुरक्षा कायम गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने र उद्योगधन्दा फष्टाउने वातावरण तयार गर्नु पर्ने कुरा उल्लेख गरिएको छ ।

सैद्धान्तिक रुपमा अर्थमन्त्रीको यो कथन सकारात्मक छ, यद्यपि गरीबीको रेखामुनि रहेका जनसंख्याको क्रमशः ओरालो लागेको प्रतिशतको प्रस्तुति (आठौं योजनामा ४९ प्रतिशत, नवौंमा ४२ प्रतिशत आदि) विश्सनीय छैन । गैरसरकारी क्षेत्रबाट प्रक्षेपित तथ्यांकलाई ध्यान दिने हो भने नेपालमा निरपेक्ष गरीबीको रेखामुनि रहेका जनताको संख्या बढी नै रहेको छ - घटेको छैन। चुनौतीलाई स्वीकार गर्ने नीति निर्णायकहरुले गलत सूचना संप्रेषण गर्नु उपयुक्त हुँदैन ।

बजेट वक्तव्यमा उल्लेखित “उद्देश्य, रणनीति तथा कार्यक्रम” प्राप्ति गर्न तोकिएका ५ नीतिहरु सैद्धान्तिक रुपमा स्वागत योग्य छन् । तर नीतिका मातहत रहेका कार्यक्रमले फगत परम्परा मात्र थेगेको देखिन्छ, नयाू र ठूला सुधारहरुको प्रस्ताव देखिंदैन । विद्यमान अवस्थामा निराश रहेका युवा र “नयाँ केही होस्” भन्ने चाहना बोकेका जनसमुदायका लागि “आँप र खुर्सानी खेती” गर्ने जस्ता कुराले मात्र मन अड्याउने ठाउँ दिंदैन ।

कृषि तथा वन क्षेत्रको व्यवसायीकरणको सन्दर्भमा स्वयं प्रधानमन्त्रीले प्रस्ताव गर्नुभएको १४ बुँदे सहमतिमा उल्लेखित “आधारभूत रुपमा नै भूमि सम्बन्धी विवादलाई कानूनी रुपमा समेत समाधानार्थ आवश्यक सबै प्रयत्न गर्ने बारे सहमति कायम गर्ने” प्रस्तावलाई बजेटले छोएको समेत छैन । क्रान्तिकारी महत्व राख्ने सुधारलाई पाखा लगाई प्रस्ताव गरिने कुनै पनि परम्परागत कृषि कार्यक्रमले विद्यमान संकटको सामना गर्न सक्दैन । यस्तो अवस्थामा सरकारद्वारा प्रस्तावित “एकीकृत आन्तरिक सुरक्षा तथा विकास कार्यक्रम” लाई जनसमुदायले “बन्दुकसंग साटिएको “विकास” भन्दा फरक नठान्न सक्छ ।

रुग्ण उद्योग पुनर्स्थापना र औद्योगिक विकासका लागि “उच्चस्तरीय रुग्ण उद्योग पुनर्उत्थान समिति” गठनको प्रस्ताव ध्यान योग्य छ। तर यो प्रस्तावमा पनि मजदुर र तिनका प्रतिनिधिलाई उपेक्षा गरिएको छ । विश्वका सबै सभ्य समाजले ट्रेड यूनियनलाई उद्यमीका प्रतिनिधि संस्था सरहको सामाजिक सहयात्री (सोसल पार्टनर) स्वीकारेको छ । आइ एल ओ को स्थापना त समान अनुपातको प्रतिनिधित्वको आधारमा गरिएको छ । हाम्रै देशमा पनि नीति निर्माणको विभिन्न तहमा ट्रेड यूनियन प्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराइएको छ । तर उद्योगका एउटा महत्वपूर्ण पक्ष श्रमिकलाई भने “उच्चस्तरीय समिति” मा समावेश गर्ने प्रस्ताव छैन । यसले श्री ५ को सरकार औद्योगिक विकासको नाममा मजदुरलाई पेल्ने र पूजीपतिलाई रिझाउने मुडमा छ भन्ने संकेत गर्दछ। यो मनसाय बजेट वक्तव्यका विभिन्न अंशमा प्रतिविम्वित भएको छ ।

उदारीकरण र विदेशी पूजी भित्र्याउन बजेटमा अभिव्यक्त आतुरतालाई ध्यानमा राख्दा “स्वावलम्वी बनौं, स्वदेशी वस्तु प्रयोग गरौं” भन्ने प्रस्तावित जनचेतना अभिवृद्धि कार्यक्रम सस्तो नारा मात्र हो भन्न सकिन्छ । यो कार्यक्रम र बजेटले घोषणा गरेका आर्थिक कार्यक्रम बीच गम्भीर वेमेल रहेको छ ।

लगानी प्रवर्धनको लागि गरिएको प्रस्ताव एउटा छिमेकी राष्ट्रको कोरा नक्कल मात्र हो भन्न सकिन्छ । यो प्रस्तावले उद्योग फस्टाउन नदिने सामन्ती सोच बोकेका व्यवसायीलाई उन्मुक्ति दिंदै सबै समस्याको कारक पूजी लगानीकर्ता बाहेक सबै हुन् भन्ने झुठो सन्देश प्रवाह गरेको छ ।

अर्कोतिर विदेशमा बस्ने नेपालीलाई लगानीको लागि गरिएको आमन्त्रण सकारात्मक जस्तो देखिन्छ । तर यो संगै कतै यो प्रस्ताव अवैध आय चोख्याउने माध्यम मात्रै त बन्दैन भन्ने आशंका पनि रहेको छ ।

निर्यात प्रवर्धनको लागि गरिएको प्रस्ताव स्वागतयोग्य नै छ । विगतमा घोषणा गरिएका कार्यक्रमहरु असफल रहेको परिप्रेक्ष्यमा विद्यमान परिस्थितिमा “सन् २००३ लाई निर्यात वर्ष” को रुपमा मनाउन त सकिएला भन्ने ठूलो प्रश्न चिन्ह ज्यूका त्यू छँदैछ । होटल तथा पर्यटन उद्योगको विकासको लागि श्रमिकहरुको सन्तुष्टि पूर्वशर्त हो । १० प्रतिशत सेवा शुल्कको मागमा जुधिरहेका

श्रमिकको गुनासालाई यथोचित महत्व दिइएन भने बजेटमा प्रस्तावित "गन्तव्य नेपाल" कार्यक्रम असफल हुन पनि सक्छ ।

सूचना प्रविधिको सवालमा ५० हजार युवायुवतीलाई सूचना प्रविधिको विविध विधामा तालिम दिने प्रस्ताव रमाइलो प्रस्ताव हो । कुनै पनि सीप तालिमको सम्बन्ध श्रम बजारसंग हुनुपर्छ । यदि यसतर्फ पनि उचित ध्यान गएको छ भने यसलाई सकारात्मक प्रस्ताव मान्न सकिएला । अन्यथा विगतको बजेट वक्तव्यमा प्रस्ताव गरिएको "प्रत्येक निर्वाचन क्षेत्रबाट २०० युवायुवतीलाई वैदेशिक रोजगारमा पठाउने" प्रस्ताव भन्दा पृथक यो कार्यक्रम पनि हुनेछैन ।

यस्तै कर्मचारीका छोराछोरीलाई सूचना प्रविधि अध्ययनको लागि ३ लाख सम्म ऋण दिने प्रस्ताव सकारात्मक रुपमा लिन सकिन्छ । वित्तीय क्षेत्रको सुधारको लागि खराब कर्जा असुली प्रस्ताव व्यवहारमा कार्यान्वयन हुन सके उपयुक्त प्रस्ताव मान्न सकिन्छ । सार्वजनिक खर्च व्यवस्थापनमा प्रस्ताव गरिएको "अनावश्यक कार्यालय खारेज गर्ने-गाभ्ने-पुनर्संरचना गर्ने प्रस्ताव उपयुक्त हो । "अनावश्यक" योजना घटाउने प्रस्तावलाई पनि सकारात्मक मान्न सकिन्छ ।

निवृत्तिभरण कोषलाई कर्मचारीको तर्फबाट पनि लगानी गर्नु पर्ने प्रस्ताव सैद्धान्तिक रुपमा स्वीकार्न सकिन्छ । तर सामाजिक सुरक्षा प्रणाली शून्य बराबर रहेको हाम्रो देशमा यो प्रस्तावले तत्काल कर्मचारीहरुमा नकारात्मक असर पार्न सक्छ । हालसम्म नागरिक लगानीकोषले "त्यस्तो प्रभावकारी" असर पारी हालेको महसुस नभएकोले यसको जिम्मामा निवृत्तिभरण कोष कसरी संचालन होला अडकलकै विषय मात्र हुनसक्छ ।

निजामति सेवालाई सुधार गर्न केही सेवामा निजी क्षेत्रलाई प्रवेश गराउने प्रस्तावको नियत खोट नहुन सक्ला । तर यसले गरेको करार-श्रम तिर संकेतले सीमित संख्या रहेको संगठित श्रम बजार पनि अनौपचारीकरण हुने खतरा यो प्रस्तावले निम्ताएको छ । यसो भएमा न्यून आय वर्गका श्रमिकहरुको रोजगारीको असुरक्षित प्रवृत्तिलाई मलजल गर्ने र सामाजिक न्याय खण्डित हुने सम्भावना रहेको छ ।

सार्वजनिक संस्थाको सुधारको लागि "आर्थिक क्षमताले धान्न नसक्ने गरी दीर्घकालीन दायित्व सृजना गर्न पूर्ण बन्देज लगाउने" प्रस्ताव स्वागत योग्य छ । तर विगतको समयमा निजीकरण प्रक्रियाले सृजना गरेको नकारात्मक असरलाई वेवास्ता गरी प्रस्ताव गरिएको "निजीकरण कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता" स्वीकार्य हुन सक्दैन ।

सामाजिक क्षेत्रको विकास, गरीबी निवारण तथा रोजगार प्रवर्धनका लागि गरिएका प्रस्तावमध्ये - गरीबसंग बीपी, महिला जागृति आय आर्जन कार्यक्रममा राजनीतिक हस्तक्षेप कम गर्न र सरकारी विद्यमान संयन्त्र मार्फत लागू गर्न गरिएको प्रस्ताव उपयुक्त छ । यी कार्यक्रमहरुमा प्रस्ताव गरिएका अपुग रकम र अर्थ मन्त्रीद्वारा विभिन्न कार्यक्रममा छरिएर रहेका रकमलाई जोडेर दिइएको स्पष्टीकरणले उपलब्धिमा प्रश्न चिन्ह लगाइ दिएको छ ।

ग्रामीण स्वालम्बन कोष मार्फत विपन्न वर्गमा स्वरोजगार एवं आय आर्जनका थप अवसर सृजना गर्न प्रस्तावित ४ करोड रुपैयाले कति रोजगार सृजना गर्ला त्यो भविष्यकै गर्भमा रहेको छ । यस्तै वैदेशिक रोजगारीको लागि प्रस्ताव गर्दा मस्तिष्क पलायन र दक्षता पलायन प्रति सचेत रहनु पर्ने देखिन्छ ।

दलित, उत्पीडित तथा उपेक्षित वर्गका जनताले सम्मानपूर्वक जीवनयापन गर्न पाउन सामाजिक सुधार पूर्व शर्त हो । तर प्रस्तुत बजेटले गरेको "परम्परागत व्यवसाय संचालन गर्न ऋण दिने" प्रस्तावले सामाजिक विद्वेश हटाउन मद्दत पुऱ्याउँदैन । यो सामाजिक रोग निको पार्न गरिएको गलत "प्रेस्किप्सन" मात्र हो ।

पूर्व कमैयाको सामाजिकीकरणको लागि केही प्रस्ताव गरिएको छ । कमैया समस्यालाई विशेष जोडका साथ "गरिबी निवारण" मूल कार्यक्रमसंग जोड्नु पर्छ । यसलाई अलग-थलग राखेर व्यवहार गर्नु हुँदैन ।

गरीबहरुको पहिचान गर्ने र गरिबी सम्बन्धी सूचना तथा आंकडालाई अद्यावधिक गर्न, नक्सांकन तथा निरन्तर अनुगमन गर्न छुट्टै इकाइ खडा गर्ने प्रस्ताव उपयुक्त छ । यस्तै राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापनाको प्रस्तावलाई सकारात्मक थालनीको रुपमा लिन सकिन्छ ।


प्रस्तुत बजेटको आयव्यय सम्बन्धी अधिकांश प्रस्तावहरु परम्परागत नै छन् । यद्यपि कपडा उद्योगहरुले पैठारी गर्ने धागोमा भन्सार छुट, नेपाली कपडा प्रयोग गरी निकासी गर्ने गार्मेन्टसको धागो पैठारीमा बन्डेड वयर हाउस सुविधा, चलचित्र, जलविद्युत उत्पादन, प्रसारण एवं वितरण, कुखुरापालन व्यवसाय, चिया बागवानी आदि उद्योगले पैठारी गर्ने पूजीगत समानमा लाग्ने भन्सार महसुल छुट, पश्मिना उद्योगले पैठारी गर्ने कच्चा पश्मिनामा भन्सार छुट जस्ता प्रस्ताव सकारात्मक छन् ।

प्रस्तुत बजेटले पनि पूर्ववर्ती बजेटले जस्तै ठूलो अंकमा घाटा बजेट प्रस्ताव र विदेशी ऋण तथा अनुदान माथि भर गरेको छ । यसले प्रस्तावित कार्यक्रमको कार्यान्वयनमा शंका पैदा गरिदिएको छ । बजेटलाई प्रचारमुखी बनाउन सिआइपी लन्ज प्रयोग गर्न पाउने जस्ता हाँसो लाग्दो प्रस्ताव समेत गरिएको छ, जसले बजेटको गांभीर्यतालाई खुकुलो पारिदिएको छ ।

श्रमको सम्मान र प्रतिष्ठाको लागि बजेटमा ठोस प्रस्ताव छैन । समाजमा श्रमप्रति नागरिकलाई आस्थावान बनाउन र "जुनसुकै काम - मर्यादित काम" को भावना जगाउन अर्थमन्त्रीको ध्यान गएको देखिदैन । बरु तमाम सामाजिक गडबडीका कारक श्रमिक हुन् भन्ने भान हुने सन्देश प्रवाहित गरिएको छ । प्रस्तावित बजेटको आलोच्य अंश मध्ये एक यो पनि हो ।

प्रस्तुत वजेटको मूल विशेषता भनेकै नेपाली काँग्रेसको नीति जस्तै दिशाहिनता हो । एउटै प्रस्ताव प्रति सकारात्मक र नकारात्मक दुवै प्रतिवद्धता व्यक्त गरिनु यस सन्दर्भको ठोस उदाहरण हो ।

# सबैभन्दा धेरै समस्या हेर्ने यूनियन नेपाल स्वतन्त्र टेक्सटायल तथा गार्मेन्ट मजदुर यूनियन



गार्मेन्ट मजदुर यूनियनको कार्यालयमा सधैं जसो मजदुरहरूको भीड भइरहन्छ। तिनीहरू आआफ्नै समस्या लिएर आएका हुन्छन्। कसैको व्यक्तिगत त कसैको सामूहिक। यूनियनका अध्यक्ष लगायत अन्य कार्यकर्ताहरू मजदुरहरूको समस्या सुल्झाउन सधैंजसो दौडा दौड गरिरहनुपर्छ। कहिले कारखानामा त कहिले श्रम कार्यालयमा।

कार्यालयमा यूनियनका अध्यक्ष हरिदत्त जोशीलाई भेट भयो। हामीले उहाँसंग सोध्यौं। के तपाईंको यूनियनमा सधैं नै यस्तै मजदुरहरूको घुइचो भइरहन्छ?

अध्यक्ष जोशीले भन्नुभयो- "गार्मेन्ट मजदुर यूनियन महासंघमा सबभन्दा बढी मुद्दा आउने यूनियन हो। मुद्दा दिनदिनै आइरहन्छ। मुद्दा नआएको त दिनै हुँदैन। आउने मुद्दा मध्ये ९५ प्रतिशत हामी आफैं सुल्झाउने गर्छौं। ५ प्रतिशत श्रम अदालतमा जाने गर्छ।"

भक्तपुर सृजना नगर स्थित लभ्ली कलेक्सन गार्मेन्ट यूनियनका अध्यक्ष टिकाराम श्रेष्ठ भन्नुहुन्छ-

"मैले गार्मेन्ट कारखानामा २०५३ सालमा काम थालेको हुँ। त्यस वेला कारखानामा चर्को शोषण र अत्याचार थियो। अफसिजनमा सबै निक्लिनु पर्थ्यो। यूनियनसंग सम्पर्क गरेको थाहा पाए जागिरबाट हात धुनुपर्थ्यो। त्यस्तो वेला मैले यूनियनको सदस्यता लिएँ। मलाई निष्कासन गर्‍यो। म यूनियनको कार्यालयमा आएँ र मैले यूनियनको सल्लाह अनुसार श्रम कार्यालयमा रिट हालें। म पुनर्बहाल भएँ। पुनर्बहाली त भएँ तर मलाई कारखानामा हैन अन्यत्र नै काम लगाइयो। मैले बागबजारको एउटा कोठामा एक्लै एउटा फोन कुरेर बस्नुपर्थ्यो। त्यहाँ म र एक जना गार्ड मात्र हुन्थ्यौं। काम केही हुँदैनथ्यो। फोन पनि आउँदैनथ्यो। ८ घन्टा मैले त्यसरी नै बिताउनपर्थ्यो। त्यस्तो वेला पनि मैले हरेस खाइन।"

"ड्यूटी सकिएपछि पनि मलाई

कारखानामा जान मनाही थियो। त्यस्तो वेला मैले राती राती मजदुरहरूको कोठा कोठामा जाने गर्थें र मजदुरहरूलाई हक र अधिकारबारे सम्झाउने गर्थें। संघर्ष गर्न प्रेरणा दिन्थें। त्यसरी काम गर्न थालेपछि यूनियन बन्यो। २०५६ सालको मे दिवसको कुरा त्यस वेला मजदुरहरू मे दिवसको जुलुसमा सहभागी हुन तयार भए तर साहुले बिदा दिएन। त्यति वेला म बागबजारबाट भक्तपुर गई सबै साथीहरूलाई लिएर जुलुसमा सहभागी भएँ। यसले गर्दा मजदुरहरूको साहस बढ्यो। यूनियन पनि दर्ता भयो। यूनियन दर्ता गराएपछि रोजगारीको ग्यारेन्टीका साथै अन्य सुविधाको मागहरू राखेर हामी संघर्षमा उत्र्यौं। अहिले हामीले स्थायी नियुक्ति पाएका छौं। २ घन्टा बत्ती नआउँदा पनि पैसा काट्ने त्यस ठाउँमा अहिले ८-१० दिन काम नहुँदा पनि पैसा काट्दैन। ठेक्का प्रथाको अन्त्य भएको छ। गालीगलौज र कुटपीट भनेको त छँदैछैन। महिला र पुरुषको छुट्टा छुट्टै शौचालय छ। खानेपानीको व्यवस्था छ। तपाईं सम्झनोस् त्यही कारखाना हो जहाँ औषधि खानको लागि पानी खाँदा पनि पानीको भाँडा सहित मिल्काइदिएको थियो। अब त्यस्ता मान्छे हाम्रो कारखानामा छैन।"

उनी अगाडि भन्छन्- "अहिले हामीहरू पहिलेभन्दा पनि उत्साहका साथ यूनियनको कामका साथसाथै कारखानाको उत्पादन बढाउने काममा जुटिरहेका छौं। सुविधा पनि लिन्छौं। अहिले व्यवस्थापनले पनि यो कुरा बुझेको जस्तो छ। हाम्रो एकता पनि बलियो छ। हामीले मजदुरहरूद्वारा नै संचालन गर्ने गरी भलाइ कोष पनि बनाएका छौं, यसले मजदुरहरूलाई आपतविपतमा सहयोग गर्छ।

अब त व्यवस्थापनले मजदुरलाई कार्वाही गर्न यूनियनको सिफारिस लिएर मात्र गर्छ। मान्छे भर्ना गर्दा पनि यूनियनको सिफारिस विना गर्दैन।"

त्यस्तै ललितपुर इमाडोल स्थित नेपाल प्रोफेसनल गार्मेन्ट मजदुर यूनियनका सचिव परशुराम रेग्मीले भन्नुभयो-

"यूनियनबाट हामीले सहयोग पाएका छौं। प्रेरणा पाएका छौं। १० वर्ष अगाडि २०४८ सालको कुरा हो। त्यसवेला हरेक अफसिजनमा साहुले हामीलाई ठेकेदारको मान्छे भनेर निकाल्ने गर्दथ्यो। हामी गार्मेन्ट मजदुर यूनियनमा आयौं। यूनियनका अध्यक्षलाई भेट्यौं। वहाँले श्रम ऐनको बारेमा हामीलाई सिकाउनुभयो। हामीले वहाँले भन्नुभए झैं संघर्ष गर्‍यौं। हामी सबै पुनर्बहाली भयौं। अहिले हामीले यूनियन दर्ता गरेका छौं। नियुक्तिपत्र, संचयकोष, बिदा र महंगी भत्ता पाएका छौं। यसका साथै हामी यूनियनको क्रियाकलापहरूमा पनि सहभागी भइरहेका छौं। अहिले हामीले बुझिरहेका छौं यूनियन र मजदुर बीचको सम्बन्ध नङ र मासुको जस्तै हुँदो रहेछ।"

यी माथिका भनाइहरू सुनेपछि एक प्रश्नको जवाफमा अध्यक्ष जोशीले भन्नुभयो- "गार्मेन्ट क्षेत्रमा अहिले त मजदुरहरूको स्थितिमा धेरै परिवर्तन भइसकेको छ। यस्तो स्थितिमा पुर्‍याउन यूनियनले निकै मेहनत गर्नुपर्‍यो। हुन त अहिले पनि मजदुरहरूको समस्या धेरै छ। २०४७ सालको कुरा हो। भर्खर भर्खर बहुदल स्थापना भएको थियो, त्यो वेलासम्म मजदुरहरूको स्थिति नाजुक थियो। साहुहरू पनि सबैजसो भारतीय हुन्थे र मजदुरहरू पनि भारतीय नै थिए। नेपाली मजदुरहरू तिनै भारतीय ठेकेदारको मजदुर भएर काम गरिरहेका हुन्थे। कारखानामा मजदुरहरूलाई जुन वेला पनि निष्कासन गर्थ्यो, कुटपीट गर्ने, गाली गलौज गर्ने कुरा त साधारण थियो। त्यही वेला हामीले मजदुरहरूलाई संघर्षमा उतार्‍यौं र तयारी पोसाक व्यवसायी संघसंग मजदुरलाई अवकास दिन नपाउने सम्झौता गर्‍यौं। यदि अवकास गर्नै परेमा ३ महिनाको तलब दिएर मात्र अवकास दिन पाउने नियम बनायौं।

अहिले यूनियनबाट मजदुरहरूलाई कानूनी सेवा, आकष्मिक कोष, स्वास्थ्य सेवा आदिको सुलभ सेवा उपलब्ध गरिरहेका छौं। यसका साथै मजदुरहरूलाई संगठन संचालन, र श्रम कानून सम्बन्धमा चेतना दिन वेला वेलामा प्रशिक्षण/भेला, अतिरिक्त कार्यक्रमको पनि आयोजना गरिरहन्छौं। अहिले हाम्रो संगठन विस्तार भइरहेको छ।"

अध्यक्ष जोशी भन्नुहुन्छ- "नेस्वटेगामयूको माउ स्वरूप उपत्यका गार्मेन्ट मजदुर यूनियन हो। त्यसपछि यो नेस्वगामयू बन्यो। जिफन्टको दोस्रो राष्ट्रिय महाधिवेशनपछि संघहरूको पुनःरचना गर्ने क्रममा नेस्वगामयूमा गार्मेन्ट बाहेक टेक्सटायल, जुट, धागो, होजियरी, पश्मिना, कपास र सिलाइ क्षेत्रलाई समावेश गरियो। गत सालको चर्चित मजदुर आन्दोलनमध्येको बिराटनगर जुट मिलको आन्दोलन यसैको अगुवाइमा भएको हो। नेस्वटेगामयूको दर्ता भएको प्रतिष्ठान स्तरको ट्रेड यूनियन ८० भन्दा बढी छ। यो यूनियन ३२ हजार सदस्यहरूको बीचमा फैलिएको छ।"






## देवराज इन्द्र

तपस्या, साधना मेहनतद्वारा ज्ञान विज्ञानका क्षेत्रमा कसैले ख्यातिप्राप्त गऱ्यो भने त्यसले आफ्नो स्वर्गको सिंहासन खोस्ने हो कि भनेर सधैं त्रस्त र शंकालु रहने लोभी र निरंकुश राजा थिए देवराज इन्द्र। ज्ञानविज्ञानका क्षेत्रमा प्रगति गर्नेहरूलाई सोझै बज्रले हानेर मार्ने वा अप्सरा तथा विलासिताका सामग्रीको प्रयोग गरी निकम्मा बनाउनेतिर मात्र ध्यान दिने। यिनी सुरा सुन्दरीमा सधैं लिप्त खलनायक चरित्र हुन्।

## बेन

सत्ययुगमा आफूलाई राजा घोषित गर्ने पहिलो व्यक्ति हुन्। त्यस अघि प्रजापति भन्ने चलन थियो र प्रजापतिले अभिभावकको भूमिका निर्वाह गर्दथ्यो, कुनै निरंकुश शासकको होइन। वेनद्वारा शुरू गरिएको निरंकुश घोषणाको विरुद्ध व्यापक विद्रोह भयो। वेनलाई कुशको डोरीले बाँधेर मृत्युदण्ड दिए। प्रजाका प्रतिनिधिका रूपमा ऋषिहरूले मनुवंश परम्पराको वेनलाई अस्वीकार गरे पनि त्यसपछि बनाइएको नयाँ प्रजापति पृथुले सबैको मन जितेर राजतन्त्र स्थापित गरिछाड्यो र प्रथम राजा पृथु नै भयो। पृथुले शासन गरेको हुनाले उसैको नामबाट धरतीलाई पृथ्वी भन्न थालियो।

## हिरण्यकशिपु

निरंकुश शासकको रूपमा कुख्यात हिरण्यकशिपु ऋषि कश्यप र दितिका छोरा थिए। आफूलाई ईश्वर मान्न अस्वीकार गरेकोले आफ्नै छोरा प्रल्हादलाई समेत मार्ने विविध उपाय यिनले गरेका थिए। अत्याचारबाट आजित भएका जनताको विद्रोहलाई नृसिंहले नेतृत्व गरी हिरण्यकशिपुलाई मारेका थिए।

## रावण

त्रेता युगका दुई जीवन्त व्यक्तित्वमध्ये एक राम हुन् भने दोस्रो रावण हुन्। रावण पनि ऋषिपुत्र नै थिए, तर उनीकी आमा राक्षसवंशकी थिइन्। ज्यादै ठूलो विद्वान भएर पनि विश्वविजयको आकांक्षा र अहंकारले गर्दा रावण पनि आफ्नो युगका खलपात्र सावित भए। उनको राजधानी लंका भए पनि तत्कालीन भारतवर्षका अधिकांश राज्य र राजाहरू उनका अधीनमा थिए। रावणको शक्तिको बलमा राक्षसहरूको अत्याचार चरममा रहेकै वेला राम रावण युद्धको पृष्ठभूमि तयार भएको थियो र रामले रावणको निरंकुश शासनको अन्त्य गरी एउटा युगको शुरूवात गरे।

## जरासन्ध

द्वापर युगका नामुद खलनायक शासक हुन् जरासन्ध। जन्मँदै दुई टुक्रा भएर जन्मिएका हुनाले फ्याँकिएका थिए, तर जरा भन्ने राक्षसीले दुई टुक्रालाई जोड्दा जीवित भए। त्यसैले जराले जोडेको हुनाले नाम नै जरासन्ध भयो। जरासन्धले १००८ राजाहरूलाई बलि दिने सनकका साथ पक्रँदै कैद गर्दै गरेका थिए। तर १००८ पुग्न पुग्न लागेको वेला कृष्ण, भीमसेन र अर्जुन गएर यिनीसंग भिडन्त गरे। भीमसेन र यिनको मल्ल युद्धमा यिनलाई चिरेर दुई टुक्रा पारी भीमसेनले मारेर कैदमा परेका लगभग १ हजार राजाहरू मुक्त भए।

## कंश

द्वापर युगका कंश आफ्ना आमाबाबु दुवैलाई कैद गरी राजा भएका थिए। बहिनी देवकीको विहे गरेर पुऱ्याउन जाँदा कुनै ज्योतिषीले यही बहिनीको आठौं सन्तानले तिमीलाई मार्नेछ भनेर भन्यो। त्यसैले बहिनी र ज्वाईंलाई कैद गरी हरेक जन्मेका सन्तान जन्मनासाथ मारेर क्रूर व्यक्तिका रूपमा पनि कंश कुख्यात भए। तर त्यही बहिनीको आठौं सन्तान जेलबाट बाहिर कुनै किसिमले निकालिन सफल भयो - त्यो सन्तान थियो कृष्ण। अन्त्यमा कृष्णले कंशलाई मारी सबैलाई कैदबाट मुक्त गरे।

## दुर्योधन

द्वापरयुगका कौरव १ सय दाजुभाइ मध्येका जेठा दुर्योधन महाभारत युद्धका कारक व्यक्ति थिए। पाण्डव र कौरवको महाभारत युद्ध तत्कालीन समयको सबैभन्दा ठूलो विश्वयुद्ध थियो। बाबु अन्धा भएको हुनाले राजा हुने हकबाट वंचित हुनु पर्दा अनेक षडयन्त्र र छलबल गरेर राजा हुनका लागि पाण्डव दाजुभाइहरूलाई मार्न सानो उमेरदेखि नै क्रियाशील भए। अन्त्यमा यो पारिवारिक कलह भयानक विश्व युद्धमा परिणत भयो। १८ दिनको भयानक युद्धमा सारा सखाप भएपछि यिनी पनि गदा युद्धमा भीमसेनबाट मारिए।

# जानी राखौं: व्यक्ति परिचय

## लुई सोह्रौं



लुई सोह्रौं फ्रान्सको ई.सं. १७८९-१७९९ बीचका शासक हुन्। यिनको जनविरोधी र भ्रष्ट नीतिको विरोधमा भएको गृहयुद्धबाट १७९२ सेप्टेम्बर २१ तारिखका दिन फ्रान्सको गणतन्त्र घोषणा भयो। अष्ट्रियाको सेनालाई फ्रान्समा आक्रमण गर्न यिनले निम्ता गरे। तर स्वतन्त्र सेनाले अष्ट्रियाको सेनालाई पराजित गर्‍यो। १७९३ जनवरी २१ का दिन छद्मभेषमा भागिरहेका ती राजा र रानीलाई पक्राउ गरी टाउको काटी मृत्युदण्ड दिइएको थियो।

## एडोल्फ हिटलर



अष्ट्रियामा जन्मेका जर्मन तानाशाह हिटलर, नाजी पार्टीको नेतृत्व लिदै १९३३ मा जर्मनको चान्सलर भए। उनले १९३९ मा पोल्याण्डमाथि शैनिक आक्रमण गरी द्वितीय विश्वयुद्ध शुरू गरे। दोस्रो विश्वयुद्धमा जर्मनद्वारा सोभियत संघको हमलामा २ करोड मानिसहरूको हत्या भएको थियो भने ६ करोड मानिसले दुख भेल्नुपरेको थियो। अन्ततः पराजित भई सन् १९४५ मा बर्लिनमा यिनले आत्महत्या गरे।

## नेपोलियन बोनापार्ट



सन् १८०४-१८१५ फ्रान्सका सम्राट भएका शासक र अत्यन्त साम्राज्य वादी भावनाले जकदिएका शासक हुन्। सम्पूर्ण युरोपमा एउटै शासक हुनपर्छ भन्ने नीति उनको थियो। यिनले विभिन्न देशहरूसंग युद्ध गर्दा अत्यन्त निर्मम एवं क्रूर प्रकारको तरिका अपनाउने गरेका थिए। १८१२ तिर रुसमा आक्रमण गर्दा शहरहरूमा खाने पानीमा बिष मिसाउनु, खाद्यान्न आपूर्तिमा नाकाबन्दी गर्नु जस्ता काम पनि गरेका थिए। उनका साथमा रहेका ६ लाख सैन्यहरू मध्ये करीब ५ लाख मारिएका थिए। भने विपक्षी देशमा त असंख्य मानिस एवं शैन्यको ज्यान गएको पाइन्छ। यसैबाट नै प्रथम विश्वयुद्धको थालनी भएको र विश्वयुद्धको चार वर्षमा ८० लाख मनुष्य मारिए। ६० लाख व्यक्ति घाइते भए र १ करोड ३० लाख सामान्य घाइते भए

## सुहार्तो

इन्डोनेसियाका सैनिक शासक, सैनिक जनरल सुहार्तोले तत्कालीन राष्ट्रपति सुकार्नोलाई समेत बन्दी बनाई सैनिक शासन शुरू गरे। ३२ वर्ष लामो उनको निरंकुश शासन कालको समाप्ति पछि आजभोलि मुद्दा खेप्दै मृत्यु पर्खेर बसेका छन्।

## फर्डिनान्ड मार्कोस

फिलिपिन्सका एक कुख्यात तानाशाह जसको अन्त्य हुँदा मालाकानाङ दरवारमा भेटिएको उनको श्रीमती इमेल्डा मार्कोसको ३ हजार जोर जुत्ताले नै दुनियालाई चकित पारिदिएको थियो। अमेरिकी साम्राज्यवादको असल सेवकको रूपमा यिनले देशभक्त राष्ट्रपति वेनिग्नो अक्विनो सहित थुप्रै कम्युनिस्ट कार्यकर्ताको ज्यान लिएको थिए। सन् १९८६ मा भएको जनआन्दोलनबाट मार्कोस तानाशाहीको अन्त्य भयो। उनी भागेर अमेरिकाको हवाइदिपमा लुक्न पुगे। त्यहीं उनको मृत्यु भयो।

## बोकासा

मध्यअफ्रिकी राज्यका स्वघोषित बादशाह एक निर्दयी एवं क्रूर शासकको रूपमा परिचित रहेका बोकासाले मन नपर्ने मानिसको सासै गन्हाउने भने जस्तै आफ्ना विरोधीहरूको अत्यन्त निमर्मता पूर्वक हत्या गर्ने। अरवौं रूपैयाको भ्रष्टाचार गर्ने आरोपहरू लागेको थियो। सुधारको नाममा गरीब विद्यार्थीहरू लाई सरकारी युनिफर्म लगाउन बाध्य पार्ने र हजारौं बालक वृद्धालाई जेलमा कोचेर निर्मम यातना दिने गरेका थिए। यिनको तानाशाहीको अन्त्यपछि भ्रष्टाचार र अन्य कैयन अपराधिक आरोपमा मृत्युदण्ड घोषणा गरियो र पछि यिनको सजायलाई फेरेर १० वर्ष कैदको सजाय मात्र लगाइएको थियो।



# जानी राखौं: व्यक्ति परिचय



## इदी अमिन

युगान्डाको एक सैनिक शासक, जो एक सिपाही पदमा बहाली भएको व्यक्तिले युगान्डाको शासन सत्ता आफ्नो कब्जामा लिई तानाशाहको दर्जामा आफूलाई सामेल गराउन सफल भए। मेजर जनरल पदमा रहेका इदी अमिनलाई सेनाको उच्च पदमा बहाली रहेको अवस्थामा राज्य विरोधी विभिन्न आरोप लागी थुनामा राख्ने निर्णय भएको र राज्य सरकारको निर्णयलाई समेत लत्याएर, हत्याको प्राणघातक हमला एवं करोडौं भ्रष्टाचारको मुद्दा समेत लागेको थियो। सेनाको हतियार खरीदमा भएको घोटाला एवं स्मगलिंग समेतको आरोप महालेखाले प्रमाणित गरेको थियो। यस्तो अवस्थामा २५ जनवरी १९७१ मा त्यहाँका राष्ट्रपतिलाई समेत अधीनमा लिई यिनले सैनिक शासन लागू गरेको थियो। यिनको शासन कालमा यिनले ठूलो संख्यामा सैनिक एवं सर्वधारणको अत्यन्त क्रूर ढंगले बारम्बार हत्या गरेका थिए।

## राजा कास्टेराइन

आधुनिक युरोपका तानाशाह राजा हुन्। ग्रिसका राजा, जसले सेनाको सहायताबाट राजनैतिक कु गरी बहुदलीय व्यवस्थाको नष्ट गरी एक तन्त्रीय राज्य व्यवस्था संचालन गरेका थिए। १९६७ अप्रिल महिनाको २० तारीख रातको १२ बजेदेखि सम्पूर्ण देशभरी सैनिक शासन लागू गराई सैनिकको कब्जामा लिन लगाएको प्रधानमन्त्री, विपक्षी दलका नेता राजनीतिक पार्टी आदि माथि प्रतिबन्ध लगाएको थियो।

## बेनिटो मुसोलिनी



इटालीका तानाशाह एवं फासिस्ट पार्टीका संस्थापक मुसोलिनीले दोस्रो विश्वयुद्धमा हिटलरसंग सम्झौता गरी उनलाई सघाएका थिए। १९४५ मा दोस्रो विश्वयुद्ध पराजय हुने समयमा एक देशभक्तले गोली हानी यिनको हत्या हत्या गरेको थियो।

गोर्खा लरी प्रा.लि. बाट
उत्पादित नेपालको सर्वोत्तम चिया
"उदय र चमेली चिया"
सधै प्रयोग गरौं !

मुख्य कार्यालय
थापाथली काठमाडौ
फोन : २२७९४२

प्याकेजिङ सेन्टर
दमक, झापा
फोन नं. ८०११३,८०११५

नेपाल ट्रेड यूनियन महासंघबाट प्रकाशित
मजदुरहरुको पहिलो पत्रिका
'श्रमिक खबर'
लाई
हार्दिक शुभकामना
व्यक्त गर्दछ ।

व्यवस्थापक : राम प्रसाद मैनाली
कन्काई इन्टरनेशनल बिल्डर्स प्रा.लि.
सुरुङ्गा -५, झापा



# बुस गो होम, आवर अर्थ इज नट फर सेल

"बुस गो होम, आवर अर्थ इज नट फर सेल", "नो डब्लु टि ओ" यस नाराका साथ जुन १६ का दिन स्वीडेनको शहर गोथेनवर्गमा एक विशाल प्रदर्शनीको आयोजना गरिएको थियो। यूरोपेली इतिहासमा नै चर्चित बन्न पुगेको उक्त प्रदर्शनीमा प्रदर्शनकारीहरूले अमेरिकी दादागिरीको तीव्ररूपमा विरोध गरेका थिए।

अमेरिकी साम्राज्यवादको विरोधमा आयोजित उक्त विरोध कार्यक्रममा उत्तेजित प्रदर्शनकारीहरू र प्रहरी बीच मुठभेड समेत हुन पुगेको थियो। इयू काउण्डर सम्मिट नामाकरण गरिएको सो विरोध कार्यक्रममा विभिन्न ५० भन्दा बढी संघ संस्थाहरूले भाग लिएका थिए। खासगरी वामपन्थी तथा सिन्डिकालिष्ट विचारधाराहरूको वाहुल्यता रहेको भए तापनि सोसियल डेमोक्राटिक विचारधारामा विश्वास गर्ने संस्थाहरू तथा ट्रेड यूनियनहरू समेत सो कार्यक्रमका आयोजक थिए।

अमेरिकी राष्ट्रपति स्वीडेनको गोथेनवर्गमा जुनको दोस्रो हप्तामा भएको यूरोपेली यूनियनका सदस्य राष्ट्रहरूको बैठकमा सहभागी हुन आएका थिए। यूरोपली यूनियनलाई प्रभावकारी बनाउने र विश्व व्यापार संगठनका नीति तथा कार्यक्रमलाई अगाडि बढाउन आयोजित उक्त बैठकमा अमेरिकी राष्ट्रपतिले सम्बोधन गर्ने कार्यक्रम थियो। त्यहाँ विश्वका ठूला शक्तिशाली राष्ट्राध्यक्षहरू समेत पुगेका थिए।

अर्को तर्फ सोही शहरमा विश्वका विभिन्न संघ संस्थाहरूले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व व्यापार संगठनको गलत नीति तथा कार्यक्रमहरूको विरोधमा यूरोपेली यूनियनको बैठकलाई चुनौती दिंदै विभिन्न कार्यक्रमहरूको आयोजना गरेका थिए। उनीहरूले विश्वमा दादागिरी चलाइरहेको अमेरिकाका राष्ट्रपति जर्ज डब्लु बुसको गोथेनवर्ग आगमनको विरोधमा "एण्टी बुस डेमोस्ट्रेसन" अर्थात बुस विरुद्धको प्रदर्शनीको आयोजना गरेको थियो। हज्जारौंको संख्यामा रहेका प्रदर्शनकारीहरूले "बुस गो होम, आवर अर्थ इज नट फर सेल", "नो डब्लु टि ओ" जस्ता प्लेकार्ड बोकेका थिए।

समुद्रको घाँटीमा अवस्थित शहरको मध्यभागमा आयोजना गरिएको उक्त एक हप्ते अन्तर्राष्ट्रिय कार्यक्रममा आयोजक संस्थाहरूले मजदुर वर्गीय एकताका लागि गरिएका प्रयासहरू झल्कने विभिन्न प्रदर्शनहरू राखेका थिए। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्वव्यापार संगठनका नीति तथा गतिविधिहरूका बारेमा विभिन्न स्थानमा वादविवादको आयोजना गरिएको थियो। विश्वका चर्चित स्रोतव्यक्तिहरूलाई आमन्त्रण गरिएको यस्ता वाद विवादकार्यक्रमलाई हज्जारौं मानिसहरूले ध्यानपूर्वक सुनिरहेका थिए। सबै स्रोतव्यक्तिहरूले यो वा त्यो कोणवाट विश्व व्यापार संगठनले गरीब मुलुकहरूलाई नजाँदिदो किसिमले झन् झन् गरीव बनाउँदै गएको र धनी राष्ट्रहरू झन् झन् धनी बन्दै गएको तथ्यहरू सार्वजनिक गरेका थिए। जबसम्म गरीब गरीब बीच एकता हुँदैन अर्थात विश्वमा काम गर्नेहरूको एकता हुँदैन तबसम्म हामी कराउन बाहेक केही गर्न नसक्ने निष्कर्ष निकालेका थिए।

**प्रस्तुति : वृद्धि आचार्य**


**नाज टि इस्टेट प्रा.लि. द्वारा उत्पादित चिया पिउने सम्पूर्ण उपभोक्ता वर्गहरुमा**

**हार्दिक शुभकामना**

**व्यक्त गर्दछ ।**

**नाज टि इस्टेट प्रा.लि., परिवार**
**झापा**

## नेकपा एमालेले ट्रेड यूनियन आन्दोलनलाई सम्मान गर्‍यो

# बधाइ क. बस्नेत !!

राष्ट्रिय सभाको निर्वाचनमा मध्यमाञ्चल क्षेत्रबाट नेपाल ट्रेड यूनियन महासंघका उपाध्यक्ष क. ललित बस्नेत अत्यधिक मतले विजयी हुनुभएको छ। क. बस्नेतको कार्य सफलताको कामना सहित हार्दिक बधाइ ज्ञापन गर्दछ।

वि. सं. २०१२ साल माघ १० गते सल्यान जिल्लाको खलंगामा जन्मनुभएका क. बस्नेत अध्ययनको सिलसिलामा २०२७/०२८ साल तिर काठमाडौं आउनुभएको थियो। काठमाडौंमा रहनुहुँदा वहाँले मलायाबाट आएको एक जना लाहुरेबाट घडी मर्मत गर्ने कार्य सिक्नुभयो। र, अध्ययनको साथसाथै घडी मर्मत गर्ने कार्य शुरू गर्नुभयो।

काठमाडौंमा आउनुभएको ४ वर्षपछि पुनर्बास अन्तर्गत जग्गा वितरण गर्दैछ भन्ने सुनेर केही साथीहरूका साथ हेटौडा पुग्नुभयो। वहाँलाई बर्दियामा जग्गा पनि मिल्यो। तर वहाँ त्यहाँ जानुभएन। हेटौडामा नै बस्नुभयो।

हेटौडामा साथीको घरमा बसेर कामको खोजी गर्नुभयो। ६ महिना पछि वहाँले महाशक्ति सोपमा पाइप फिटरको काम पाउनुभयो। पछि स्थायी रूपमा त्यही कारखानामा वहाँले काम गर्नुभयो। त्यही कारखानामा काम गर्दा गर्दै वहाँ ट्रेड यूनियन आन्दोलनमा लाग्नुभएको थियो।



क. बस्नेत २०३६ सालमा नेस्वमयू स्थापना भए पछि गठित मकवानपुर जिल्ला कमिटीको उपाध्यक्ष बन्नुभयो। त्यसपछि क्रमशः वहाँ २०३८ सालमा नेस्वमयूको केन्द्रीय कमिटीको कोषाध्यक्ष बन्नुभयो। २०४५ सालमा सम्पन्न नेस्वमयूको पहिलो राष्ट्रिय सम्मेलनले वहाँलाई अध्यक्षमा निर्वाचित गर्‍यो।

२०४६ सालमा नेपाल ट्रेड यूनियन महासंघको स्थापना भयो। वहाँ महासंघको संस्थापक अध्यक्ष बन्नुभयो। त्यसपछि २०४८ सालमा सम्पन्न महासंघको पहिलो राष्ट्रिय महाधिवेशनबाट वहाँ उपाध्यक्षमा निर्वाचित हुनुभयो। त्यसरी नै महासंघको २०५२ सालमा सम्पन्न दोस्रो महाधिवेशन र २०५७ सालमा सम्पन्न तेस्रो राष्ट्रिय महाधिवेशनले पनि वहाँलाई उपाध्यक्षमा निर्वाचित गर्‍यो। वहाँ अहिलेसम्म सोही पदमा कार्यरत हुनुहुन्छ।

सन् २००० जनवरी १ का दिन सिराहामा सम्पन्न कृषि मजदुर संघ, नेपालको पहिलो राष्ट्रिय सम्मेलनलबाट वहाँ कृषि मजदुर संघको अध्यक्षमा पनि निर्वाचित हुनुभएको थियो।

स्मरणीय छ, नेकपा (एमाले) ले मजदुर नेतालाई उम्मेदवार बनायो भने नेपाली कांग्रेसले क. बस्नेतको विरोधमा एक जना पूँजीपतिलाई उम्मेदवार बनाएको थियो। एमालेको कदमलाई महासंघले राष्ट्रिय सभाको यस पटकको निर्वाचनमा नेपाली ट्रेड यूनियन आन्दोलनप्रति व्यक्त गरेको सम्मानको रूपमा लिएको छ।